# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १६८ | काठमाडौं | सोमबार, २१ असोज २०८१ | Prabhab National Daily | Monday, October 07, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–





अशोज १० गतेदेखि १३ गतेसम्म परेको अविरल वर्षापछि सुनकोसी नदीमा आएको बाढीले आधा भाग बगाएको सिन्धुलीको खुर्कोट र रामेछापको मन्थली जोड्ने पुलमा बेली ब्रिज जडान गर्दै नेपाली सेनाको टोली । *तस्बिर सौजन्यः नेपाली सेना*

# टीकाभैरवको दुःख हेर्न १० दिनपछि मिल्यो गृहमन्त्रीलाई 'फुर्सद'

- गोदावरी नगरपालिका ललितपुर महानगरपालिकासँग जोडिएको नगरपालिका हो । जहाँ साझा यातायातको बस चढेर पौने घण्टामै पुग्न सकिन्छ । मन्त्रीको गाडी पुग्न आधा घण्टा पनि लाग्दैन ।
- गृहमन्त्री लेखकले बाढीपहिरो गएको १० दिनपछि आइतबार बल्ल लाभग्राहीहरूको विवरण तत्काल पठाउन जिल्ला प्रशासन कार्यालय र जिल्ला सुरक्षा समितिलाई निर्देशन दिएका छन् ।
- अमेरिकाको नर्थ क्यारोलिनालगायत विभिन्न राज्यमा हेलेन नामक आँधीका कारण सिर्जित बाढीका कारण २०० जनाभन्दा बढीको मृत्यु भयो । उत्त घटनाबारे जानकारी लिन अमेरिकी राष्ट्रपति जो बाइडेन र उपराष्ट्रपति कमला ह्यारिस बाढीग्रस्त क्षेत्रको भ्रमणमा पुगे । तर, नेपालमा न त राष्ट्रपति रामचन्द्र पौडेल बाढीग्रस्त क्षेत्र पुगे न प्रधानमन्त्री केपी शर्मा ओली नै ।



■ **जेबी योञ्जन**

**काठमाडौं–** सरकारका मन्त्रीहरूको सरकारी निवास ललितपुरस्थित पुल्चोकबाट गोदावरीको टीकाभैरव मन्दिर करिब १५ किलोमिटरको दूरीमा छ । यही असोज १० गतेबाट परेको अविरल वर्षाका कारण सिर्जित बाढीपहिरोका कारण यस क्षेत्रको सडक नौ दिनसम्म अवरुद्ध भयो । सडक खुलेपछि आइतबार बिहान गृहमन्त्री रमेश लेखक लावलस्कर लगाएर उक्त क्षेत्रमा पुगे ।

गोदावरी नगरपालिका ललितपुर महानगरपालिकासँग जोडिएको नगरपालिका हो । जहाँ साझा यातायातको बस चढेर पौने घण्टामै पुग्न सकिन्छ । मन्त्रीको गाडी पुग्न आधा घण्टा पनि लाग्दैन । तर, विपद्को समयमा नेतृत्व गर्ने तालुकदार मन्त्रालयको प्रमुख लेखक भने विपत्तिको १० दिनपछि उक्त क्षेत्रमा पुगेका हुन् ।

यो विपद्मा गोदावरीमा मात्रै १३ जनाको मृत्यु भएको जिल्ला प्रशासन कार्यालय ललितपुरको तथ्यांक छ । कयौं घाइते र कतिले राहत सामग्री नपाउँदा यस क्षेत्रका जनता निकै मर्माहत बनेका छन् । यस क्षेत्रमा खानेपानीसमेत अवरुद्ध भएको वडा ६ का स्थानीय वीरमान तामाङले बताए । यसैगरी वडा ७ क्षेत्रमा बिजुलीसमेत अवरुद्ध छ ।

गृहमन्त्री लेखकले १० दिनपछि गोदावरी पुगेर आफूहरूले सक्दो काम गरिरहेको भन्दै निरीहता देखाए । 'सकेसम्म सबै गरिरहेका छौं । खोजी र उद्धारमा समय लाग्यो नै । अब हामी राहत र पुनःस्थापनामा जोड दिन्छौं,' आइतबार बिहान लेखकले सञ्चारकर्मीसँग भने ।

(क्रमशः पृष्ठ २ मा)

## विपद्ग्रस्त क्षेत्रमा किन देखिएन सरकार ?

गत शुक्रबार अमेरिकाको नर्थ क्यारोलिनालगायत विभिन्न राज्यमा हेलेन नामक आँधीका कारण सिर्जित बाढीका कारण २०० जनाभन्दा बढीको मृत्यु भयो । उक्त घटनाबारे जानकारी लिन अमेरिकी राष्ट्रपति जो बाइडेन र उपराष्ट्रपति कमला हचारिस बाढीग्रस्त क्षेत्रको भ्रमणमा पुगे । तर, नेपालमा न त राष्ट्रपति रामचन्द्र पौडेल बाढीग्रस्त क्षेत्र पुगे न प्रधानमन्त्री केपी शर्मा ओली नै ।

बल्ल गृहमन्त्री लेखक गोदावरी पुगे । जबकि देशका विभिन्न स्थानमा बाढीपहिरोका कारण अधिक क्षति पुगेको छ । नेपाल प्रहरीका अनुसार यो विपद्मा परी मृत्यु हुनेको संख्या आइतबारसम्म २४४ पुगेको छ । यस विपद्मा परी १९ जना अझै बेपत्ता छन्, १७३ जना घाइते भएका छन् । बिपी राजमार्ग, त्रिभुवन राजपथलगागत विभिन्न सडकको अवस्था नाजुक छ ।

(क्रमशः पृष्ठ २ मा)

## पश्चिम क्षेत्रबाट बाहिरिँदै मनसुन

**काठमाडौं (प्रस)–** यस वर्षको मनसुन आइतबारदेखि बाहिरिन थालेको छ । निर्धारित समयभन्दा चार दिनपछि मनसुन बाहिरन सुरु गरेको हो ।

सुदूरपश्चिम प्रदेशलगायत कर्णाली प्रदेशका धेरै तथा लुम्बिनी प्रदेशका पश्चिमी भू-भागको थोरै स्थानहरूबाट मनसुन आइतबार बाहिरिएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । मनसुनी वायु कमजोर हुँदै गइरहेकाले नेपालको बाँकी भू-भागबाट पनि केही दिनमा मनसुन बाहिरिने सम्भावना रहेको मौसमविद् रोजन लामिछानेले बताए ।

विभागको मौसम पूर्वानुमान महाशाखाले मनसुन बाहिरिन थालेपछि भोलि मंगलबारसम्म भने केही ठाउँमा वर्षाको सम्भावना रहेको जनाएको छ । (क्रमशः पृष्ठ २ मा)

# कार्बन बिक्रीबाट भित्रिँदै एक अर्ब ६० करोड

- तराईका १३ जिल्लाका वनजंगलमार्फत कार्बनडाइअक्साइड घटाएबापत उक्त रकम प्राप्त गर्दै
- स्थानीय लाभग्राही आदिवासी जनजाति समुदायमा ८० प्रतिशत खर्च गर्नुपर्ने

■ **भीष्मराज ओझा**

**काठमाडौं–** विश्व बैंकसँग भएको सम्झौताअनुसार नेपालले अबको एक महिनाभित्र कार्बन बिक्रीबाट एक अर्ब ६० करोड रूपैयाँ प्राप्त गर्दै छ । सन् २०१८ देखि २०२४ सम्म नेपालले तराईका १३ जिल्लाका वनजंगलमार्फत कार्बनडाइअक्साइड घटाएबापत सो रकम प्राप्त गर्न लागेको वन तथा वातावरण मन्त्रालयअन्तर्गतको रेड कार्यान्वयन केन्द्रले जनाएको छ ।

नेपालले तराई भूपरिधि कार्यक्रमअन्तर्गत बागमती नदीबाट महाकाली नदीसम्मका तराईका १३ जिल्लामा छ वर्षमा २.४ मिलियन टन कार्बन सञ्चिति गरेबापत सो रकम पाउन लागेको हो । प्रतिटन कार्बनको पाँच अमेरिकी डलरका दरले नेपालले यही अक्टोबरभित्र एक अर्ब ६० करोड रूपैयाँ प्राप्त गर्ने मन्त्रालयले जनाएको छ ।

वन मन्त्रालयका प्रवक्ता एवं सहसचिव बद्रीराज ढुंगानाका अनुसार विश्व बैंकसँग सुरूमा सम्झौता गर्दा उक्त रकम वन विकास कोषमार्फत आउनेगरी सम्झौता भएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## इजरायल-लेबनान युद्ध
# नेपाली फर्काउने छैन सरकारको तयारी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** इजरायलले गत मंगलबारबाट हिजबुल्लाह लडाकुलाई निशाना बनाएर लेबनानमाथि निरन्तर हवाई आक्रमण गरिरहेको छ । उक्त आक्रमणका कारण त्यहाँ रहेका आप्रवासीहरूमा ठूलो त्रास फैलिएको छ । युद्धका कारण बढ्दो जोखिमलाई मध्यनजर गर्दै अमेरिका, क्यानडा, जापानलगायतका देशले आफ्ना नागरिकलाई स्वदेश फर्काउन थालिसकेका छन् ।

यता नेपाल सरकारले भने लेबनानमा भएका नेपालीहरूलाई फर्काउने कुनै तयारी गरेको छैन । सरकार लेबनानमा रहेका आफ्ना नागरिक सुरक्षित भएको भन्दै बसेको छ । लेबनानमा रहेका नेपालीको अवस्थाबारे इजिप्टको कायरोस्थित नेपाली दूतावाससँग परराष्ट्र मन्त्रालयले जानकारी लिइरहेको जनाएको छ । तर, त्यहाँ रहेका नेपालीलाई फर्काउनेसम्बन्धी कुनै तयारी गर्न निर्देशन दिएको छैन । मन्त्रालयले गत साता एक विज्ञप्ति जारी गर्दै लेबनान र इजरायलमा कार्यरत नेपाली कामदारलाई सुरक्षित बस्न आग्रह गरे पनि स्वदेश फिर्ता गराउने विषयमा बोलेको छैन भने अप्ठ्यारोमा परेकाहरूलाई कायरोस्थित दूतावास र बेरुतमा रहेको अवैतनिक वाणिज्यदूतावासमा सम्पर्क गर्न भनेको छ ।

आइतबारमात्रै परराष्ट्रमन्त्री डा. आरजु राणाले इजरायल र लेबनानमा रहेका नेपालीहरूको अवस्थाबारे जानकारी लिएर 'अपडेट' भइरहन सम्बन्धित नेपाली



दूतावासहरूलाई निर्देशन दिएकी छन् । उनले 'भर्चुअल' बैठकमार्फत इजरायल र लेबनानमा विकसित पछिल्लो परिस्थितिका बारेमा जानकारी लिएकी थिइन् । मन्त्री राणाले सम्बन्धित देशका राजदूतहरूलाई त्यहाँ रहेका नेपाली र उनीहरूको परिवारको सम्पर्कमा रहेर आवश्यक सहयोग गर्न निर्देशन दिए पनि स्वदेश फर्काउने तयारी सम्बन्धमा केही बताइनन् ।

मन्त्री राणाले सम्बन्धित देशका दूतावासहरूलाई सूचना जारी गरी सम्पर्क व्यक्ति तोक्न र आवश्यकताअनुसारका 'हेल्प डेस्क' स्थापना गरेर समस्यामा परेका नेपालीलाई आवश्यक समन्वय र सहायता प्रदान गर्न निर्देशन दिएको मन्त्रालयले जनाएको छ । लेबनानमा रहेका नेपालीको अवस्थाबारे कायरोस्थित नेपाली दूतावासले जानकारी लिइरहेको परराष्ट्र मन्त्रालयका प्रवक्ता अमृतकुमार राईले बताए । 'लेबनानमा रहेका कोही नेपाली समस्यामा नपरेको र त्यहाँ रहेका नेपाली सुरक्षित रहेको सूचना दूतावासले दिएको छ,' उनले भने, 'युद्ध चर्किंदै गए त्यहाँ रहेका नेपाली फर्काउन सरकारले पहल गर्छ, यसका लागि छलफल पनि भइरहेको छ ।'

लेबनानमा १२ सयभन्दा बढी नेपाली कार्यरत रहेको र उनीहरूमध्ये अधिकांश घरेलु कामदार रहेको कायरोस्थित दूतावासले जनाएको छ । लेबनानमा शान्ति स्थापनार्थ ८५० जना नेपाली शान्ति सैनिक तैनाथ रहेको बताइन्छ । इजरायली हवाई हमलाका कारण एक लाखभन्दा बढी मानिस लेबनान छाडेर सिरिया गएको राष्ट्रसंघीय शरणार्थी उच्चायुक्तको कार्यालयले जनाएको छ । युद्धकै कारण लेबनानमा बसोबास गर्दै आएका विदेशी नागरिकले देश छाड्न थालेका छन् । तर, नेपाल सरकारले आइतबारसम्म पनि आफ्ना नागरिक स्वदेश फर्किन आग्रहसमेत गरेको छैन ।

## युएईमा महिला श्रमिकका लागि शिविर

**काठमाडौं (प्रस)–** युएईको अवुधावीस्थित नेपाली दूतावासले त्यहाँ कार्यरत नेपाली महिला श्रमिकहरूका लागि राहदानी नवीकरण सेवा तथा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । आइतबार उक्त शिविरमा १०० जना महिला श्रमिकले आफ्नो राहदानी नवीकरण गर्नुकासाथै विशेषज्ञ स्वास्थ्यकर्मीहरूबाट निःशुल्क स्वास्थ्य परीक्षण गराएको दूतावासले जनाएको छ ।

स्वास्थ्य परीक्षणसँगै स्वास्थ्यकर्मीहरूले मानसिक स्वास्थ्य तथा महिनावारीका क्रममा देखिने समस्या र समाधानका विषयमासमेत अन्तरक्रिया गरेको जानकारी दिइएको छ । श्रम काउन्सेलर दीनबन्धु सुवेदीले युएई सरकारले प्रदान गरेको एम्नेस्टी २०२४ तथा श्रमसँग सम्बन्धित विविध विषयमा जानकारी गराएका थिए । युएई सरकारले अवैधरूपमा बसेका वा 'ओभर स्टे' भएका आप्रवासीले निरन्तर बसाइँका लागि भिसा आवेदन दिनसक्ने र स्वदेश फर्कन चाहेमा विनाजरिवाना फर्किने व्यवस्था मिलाउन 'एम्नेस्टी २०२४' लागू गरेको छ ।




## पृष्ठ १ बाट क्रमशः

### टीकाभैरवको दुःख...

**बल्ल निर्देशन- तत्काल क्षति विवरण पठाउनू**

गृहमन्त्री लेखकले बाढीपहिरो गएको १० दिनपछि आइतबार बल्ल लाभग्राहीहरूको विवरण तत्काल पठाउन जिल्ला प्रशासन कार्यालय र जिल्ला सुरक्षा समितिलाई निर्देशन दिएका छन् । गोदावरीमा बाढी र पहिरो प्रभावित क्षेत्रको निरीक्षणपश्चात् जिल्ला प्रशासन कार्यालय र जिल्ला सुरक्षा समितिलाई लाभग्राहीहरूको विवरण पठाउन लेखकले निर्देशन दिएका हुन् ।

लेखकले क्षतिको मूल्यांकन गरेर तीन दिनभित्र राहत उपलब्ध गराउने सरकारको योजना रहेको बताए । 'सरकारले यो समस्यालाई गम्भीररूपमा लिएको छ, सकेसम्म छिटो उद्धार, राहतसामग्री वितरण गरी नागरिकको जीवन सहज बनाउने हाम्रो दायित्व हो, खोजी तथा उद्धारको काम भइरहेको छ । बाढीपहिरो प्रकोपले देशका विभिन्न क्षेत्रमा जनधनको क्षति भएको छ,' गृहमन्त्री लेखकले भने, 'क्षतिको यकीन विवरण संकलनको काम पनि भइरहेकाले यसमा सबै संवेदनशील भएर काम गर्नु आवश्यक छ ।' उनले पीडित घाइतेको निःशुल्क उपचार भइरहेको जनाउँदै सोको सम्पूर्ण खर्च सरकारले व्यहोर्ने बताए । उनले सुरक्षा समितिसँगको बैठकमा राहत उद्धार तथा भौतिक क्षतिका बारेमा जानकारी लिएका थिए ।

यसैक्रममा गृहमन्त्री लेखकले पहिरोले क्षति पुर्‍याएको लेलेको आनन्दवन अस्पताल क्षेत्रको निरीक्षण गरे । अस्पताल परिसरमा गएको पहिरोमा परी ३२ वर्षदेखि अस्पतालको रिसर्च टेक्निकल अफिसरमा कार्यरत विवेक सिंहको मृत्यु भएको थियो । ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले आइतबारसम्म ३९ जना मृतकका परिवारलाई दुई लाख रूपैयाँका दरले घरमै पुगेर रकम प्रदान गरिएको जानकारी गृहमन्त्री लेखकलाई गराएका थिए । उनले बाँकी मृतकका परिवारलाई रकम उपलब्ध गराउने विषयमा समन्वय भइरहेकाले तत्काल उपलब्ध गराइने जानकारी गराए ।

निरीक्षणका क्रममा बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जन, प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठ, जिल्ला समन्वय समिति ललितपुरका प्रमुख ऋषिदेव फुँयाल, गोदावरी नगरप्रमुख गजेन्द्र महर्जन, स्थानीय वडाध्यक्षलगायत प्रहरी प्रमुखसहितका अधिकारीहरू सहभागी थिए ।

विपद्ग्रस्त क्षेत्रमा...

दसैंमा घर फर्कने नागरिकको धपेडी उस्तै दयालाग्दो छ भने राहत नपाएर नागरिक छटपटिएका छन् । तर, राष्ट्रप्रमुख तथा सरकार प्रमुख जनताको दुःख हेर्न शीतलनिवास र सिंहदरबारबाट एक पाइला सार्दैनन् । आखिर किन सरकार प्रमुखहरूले यस्तो लाचारीपन देखाए त ?

'अहिले आलोचनाको सिकार हुने डरले मन्त्रीहरू विपद्ग्रस्त क्षेत्रमा जान मान्दैनन्,' गृह मन्त्रालयका एक उच्च अधिकारीले भने । राजनीतिक अस्थिरताका कारण जनतामा दिनानुदिन नैराश्यता थपेको र नेतृत्वमा बस्नेहरूले यसलाई थप साथ दिइरहेको ती अधिकारीको दाबी छ ।

●●●

### पश्चिम क्षेत्रबाट...

आइतबार कोशी, गण्डकी, बागमती र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा हल्का वर्षा भएको जनाइएको छ । केही दिनदेखि तापक्रम पनि घट्दै गएको छ । अब पश्चिमी वायुको सक्रियता बढ्दै जाने र थप चिसो पनि बढ्ने महाशाखाले जनाएको छ । यस वर्ष नेपालमा गएको जेठ २८ गते मनसुन भित्रिएको थियो । एक दिन ढिलागरी भित्रिएको मनसुन चार दिन ढिलागरी बाहिरिन थालेको हो । मनसुन देशैभरि फैलिन भने अर्को एक हप्ता लागेको थियो ।

●●●

### कार्बन बिक्रीबाट...

अर्थ मन्त्रालयले मुलुकको कानुनी प्रावधानअनुसार त्यस्तो रकम सर्व सञ्चिति कोषमार्फत आउनुपर्ने र त्यसपछि मात्र वन विकास कोषमा हस्तान्तरण हुने भनेपछि विश्व बैंकले त्यसबारेमा स्पष्ट पार्न सरकारसँग अनुरोध गरेको उनले जानकारी दिए ।

कार्बन व्यापारबाट प्राप्त हुने रकम स्थानीय लाभग्राही आदिवासी/जनजाति समुदायमा ८० प्रतिशत खर्च गर्नुपर्ने प्रावधान छ । 'यसका लागि सरकारले योजना बनाएर स्वीकृत गरिसकेको छ,' प्रवक्ता ढुंगानाले भने ।

कार्बन व्यापारका सम्बन्धमा खासगरी सन् २०१८ मा नेपालको राष्ट्रिय रेडप्लस रणनीति, राष्ट्रिय वन आधार तह स्वीकृत भएको थियो । त्यसपछि सन् २०१९ देखि २०२४ सम्म तराई भूपरिधिका १३ जिल्लामा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रमअन्तर्गत कार्बन व्यापारबाट प्राप्त लाभको बाँडफाँड योजना तयार गरिएको थियो ।

उक्त कार्यक्रम १३ जिल्लाका १.७ मिलियन हेक्टरमा लागू भएको केन्द्रका प्रमुख एवं सहसचिव नवराज पुडासैनीले जानकारी दिए । नेपालको वन क्षेत्रबाट औसतमा प्रतिहेक्टर १६७ टन कार्बन सञ्चिति भएको छ । सहसचिव पुडासैनीले भने, 'नेपालको तराई भूपरिधि क्षेत्रका १३ जिल्लामा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालन गरी सन् २०२८ सम्म करिब तीन करोड ४२ लाख टन कार्बनडाइअक्साइड ग्यास उत्सर्जन कम गर्ने लक्ष्य लिइएको छ । पहिलो चरणमा २०२३ मा मापन गर्दा २३ लाख टन कार्बन उत्सर्जन कटौती भएको छ ।'

#### "लिफ कोलिजन"मा सम्झौता गर्दै नेपाल

पहिलो चरणको कार्बन व्यापारपछि नेपालका तर्फबाट 'उत्सर्जन घटाउन वन वित्त बढाउने साझेदारी कार्यक्रम' (लिफ कोलिजन) सम्बन्धी प्रस्ताव पेस भई सन् २०२१ नोभेम्बर ३ मा हस्ताक्षर भएको थियो । लिफ कोलिजन बजारमुखी तथा नतिजामा आधारित संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, नर्वे र दक्षिण कोरियासहित २६ निजी कम्पनीको साझेदारी संयन्त्र हो ।

घाना, ब्राजिल र कोस्टारिकाले यसमा कार्बनको मूल्य निर्धारण गरी सम्झौता गरिसकेका छन् । नेपालले आगामी नोभेम्बर ११ देखि २२ सम्म अजरबैजानको बाकुमा हुने जलवायुसम्बन्धी २९औं अन्तर्राष्ट्रिय सम्मेलनका बेला त्यस्तो सम्झौता गर्ने तयारी गरेको मन्त्रालयले जनाएको छ । यसमा बागमती, गण्डकी र लुम्बिनी प्रदेशस्थित वनमा सञ्चित कार्बन बिक्री गर्नका लागि आवश्यक तयारीसम्बन्धी क्रियाकलाप सञ्चालन गरिएको सहसचिव पुडासैनीले जानकारी दिए ।

नेपालले सन् २०२८ सम्मका लागि हुने यस सम्झौताअनुसार उक्त तीन प्रदेशमा ३.२ मिलियन हेक्टर वन क्षेत्रमा सात मिलियन टन कार्बन सञ्चिति गरिने छ । यस कार्बन सञ्चितिबापत नेपालले १०० मिलियन अमेरिकी डलर रकम प्राप्त गर्ने छ । यस सम्झौतामा कार्बनको मूल्य निजी कम्पनीसँग प्रतिटन २५ डलर र सार्वभौम मुलुकसँग १० डलर प्रतिटन निर्धारण हुने छ ।

कार्बन व्यापारसम्बन्धी विज्ञ तथा मन्त्रालयका पूर्वसहसचिव पुरुषोत्तम घिमिरेले कार्बन व्यापारका सम्बन्धमा वन मन्त्रालयले निजी क्षेत्रलाई स्वागत गरेर अघि बढ्न सकेमात्र सफलता प्राप्त हुने धारणा राखे । उनले भने, 'कार्बन व्यापार गर्न निजी क्षेत्रलाई नल्याई सम्भव हुँदैन । निजी क्षेत्रलाई यसमा अनुमति दिइसकेपछि कानुनी दायरामा राखेर नियमन गर्दा हुन्छ, बाँकी काममा भने स्वतन्त्रता दिनुपर्छ । हरेकपटक मन्त्रालयले काममा हस्तक्षेप गर्न हुँदैन ।' निजी क्षेत्रका जग्गामा वनजंगल उत्पादन गरेर कार्बन व्यापारका लागि प्रोत्साहन गर्नुपर्ने उनको भनाइ छ ।

●●●

#### 'रेडप्लस' के हो ?

पृथ्वीको सबैभन्दा बाहिरी सतहमा रहेर पृथ्वीबाट परावर्तन भई बाहिर निस्किने तापिए किरणहरूलाई रोक्ने र पृथ्वीको तापक्रम क्रमिकरूपमा बढाउन भूमिका खेल्ने ग्यासहरूलाई हरितगृह ग्यास भनिन्छ । हरितगृह ग्यासहरूमा सबैभन्दा बढी भूमिका खेल्न सक्ने ग्यासका रूपमा कार्बनडाइअक्साइड ग्यासलाई मानिएको छ । त्यस्तै, जलवायु परिवर्तनको मुख्य कारण पनि विभिन्न स्वरूपमा रहेको हरितगृह ग्यासहरू वायुमण्डलमा प्रवेश गर्नुलाई मानिएको छ । वन विनाश तथा वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्ने, वनको प्रभावकारी संरक्षण गर्ने र यसको दिगो व्यवस्थापनमार्फत कार्बन सञ्चिति क्षमता अभिवृद्धि गराउने कार्य गरेबापत विकासोन्मुख मुलुकलाई विकसित राष्ट्रहरूबाट प्रोत्साहनस्वरूप प्राप्त हुने भुक्तानीको अवधारणालाई समग्रमा रेडप्लस भनिएको हो ।

यस कार्यक्रमअन्तर्गत वन विनाशका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, वन क्षयीकरणका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, वन कार्बन सञ्चितिको संरक्षण, वनको दिगो व्यवस्थापन र वन कार्बनको सञ्चितिमा अभिवृद्धि गर्ने कार्य गरिन्छ । नेपालले पनि रेडमार्फत सन् २००८ देखि विभिन्न क्रियाकलाप गर्दै आइरहेको छ । सन् २०१८ मा तयार भएको राष्ट्रिय रेड रणनीति कार्बन व्यापार तथा रेडप्लस कार्यक्रमको कोसेढुंगा हो । रेडप्लस कार्यक्रमको सिलसिलामा नेपाल तयारी चरणबाट कार्यान्वयन चरणमा प्रवेश गर्न लागेको छ । *रासस*


**कतारमा रोजगार** कम्पनी : FUSE ELECTRONIC WIRING CONNECTIONS

पूर्व स्वीकृति मिति : २०८१/०५/२६ LT. No. 311856 चलानी नं. ६०२२६३४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1100 | ४०,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electric | 5 | 0 | 1100 | ४०,७३६ | | | | | | | |
| 3 | Electrician. | 6 | 0 | 1100 | ४०,७३६ | | | | | | | |
| 4 | Foreman | 4 | 0 | 2500 | ९२,५८३ | | | | | | | |
| 5 | Labourer | 15 | 0 | 1000 | ३७,०३३ | | | | | | | |
| 6 | STORE KEEPER | 2 | 0 | 1900 | ७०,३६३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज २८ गते (14th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Greenland Services Pvt. Ltd.**
"A Complete Ethical Recruitment Agency"
Basundhara,Kathmandu, Nepal, Tel: +977 1 5916353,
Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com
श्रम ईजाजत नं. १५९३/०७९/०८०


लुम्बिनी प्रदेश सरकार
शहरी विकास तथा खानेपानी मन्त्रालय
**खानेपानी तथा सरसफाइ कार्यालय**
लिवाङ, रोल्पा

**एच.डि.पि तथा जि.आई पाईप सप्लाई कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना**

www.bolpatra.gov.np/egp मा प्रथम पटक प्रकाशित मिति : २०८१/०६/२१

खानेपानी तथा सरसफाइ कार्यालय, रोल्पाद्वारा आ.ब.२०८१/०८२ मा यस जिल्लामा सञ्चालित विभिन्न खानेपानी तथा सरसफाइ आयोजनाहरुको लागि विभिन्न साइज र सेरिजका गुणस्तर चिन्ह प्राप्त र स्पेसिफिकेशनमा उल्लेख भए अनुसारका एच.डि.पी तथा जि.आई पाईप सप्लाई कार्यहरु खुल्ला प्रतिस्पर्धाबाट गराउनु पर्ने भएकाले इच्छुक रित पुगेका नेपाली इजाजतपत्र प्राप्त उत्पादक कम्पनी, सप्लायर्स वा फर्महरुबाट छुट्टाछुट्टै e–bidding मार्फत बोलपत्र आह्ववान गरिन्छ । साथै विस्तृत सूचनाको लागि www.bolpatra.gov.np/epg मा गई डाउनलोड गरी हेर्न सकिने छ ।

| क्र. सं. | बोलपत्र नं. | कामको विवरण | आयोजना स्थल | ल.ई रकम (भ्याट र पि.एस.बाहेक) रु. | बोलपत्र दस्तुर रु. | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | WSSO/Rolpa/NCB/Goods/ ०१/२०८१/०८२ | एच.डि.पी .पाईप पाईप (PE 100 SDR NS 40:2079) सप्लाई कार्य। | विभिन्न खानेपानी आयोजनाहरु | ११३६४९३६/६० | ३०००/०० | ३५४०००/०० | |
| २ | WSSO/Rolpa/NCB/Goods/ ०२/२०८१/०८२ | जि.आई पाईप सप्लाई कार्य । | विभिन्न खानेपानी आयोजनाहरु | ७९००७३९/६४ | ३०००/०० | २४६०००/०० | |

कार्यालय प्रमुख

**Kispang Rural Municipality**
**Office of Rural Municipal Executive**
**Kahule, Nuwakot**
**Bagmati Province , Nepal**

## Invitation For Bids

**(Electronic Bid Only)**
**Date of Publication: 7th-Oct-2024-(21th Asoj 2081)**

1.Kispang Rural Municipality, invites bids from **national** eligible bidders for **Item rate contract** of following works:

| Contract Identification Number | Description and Location of Work | Bid Document Free(NRs) | Estimated Amount With Vat Including PS and Contingency(NRs) | Bid Security Amount (NRs) | Bid Security Validity Period (day From the date of bid opening) | Remarks |
|---|---|---|---|---|---|---|
| KRM/NCB/WORKS/ ROAD/05/2081/82 | Upgrading of Dishyong Kachetmane Hudai Bhalche Dandathok Sadak | 3000 | 99,99,927.47/- | 3,00,000/- | 120 days | |
| KRM/NCB/WORKS/ ROAD/03/081-082 | Upgrading of Chipleti Majhthok Hudai Ghattekhola sadak | 3000 | 1,79,99,496.43/- | 5,40,000/- | 120 days | |

2. Purchase, Submission and Opening

| S.N | Purchase of Bid (Last Date/ Time) | | Submission of Bid | | Opening of Bid | | Remarks/Contract Identification Number |
|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | |
| 1 | 05-11-2024 | 5:00 pm | 06-11-2024 | 12:00 pm | 06-11-2024 | 2:00pm | KRM/NCB/WORKS/ROAD/05/2081/82 |
| 2 | 05-11-2024 | 5:00 pm | 06-11-2024 | 12:00 pm | 06-11-2024 | 2:00pm | KRM/NCB/WORKS/ROAD/03/081-082 |

3. Pre Bids Meeting

| Date | Time | Venue |
|---|---|---|
| 24-10-2024 | 11:00 AM | Kispang Rural Municipality Kahule, Nuwakot |

4. Tender procedures shall follow public procurement Act and public procurement Rules
5. Bidders should deposit the equivalent fee for bidding document and bid security amount or submission of first class Bank Bid guarantee in the following Account within the date and time specified above.
6. A New Firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids
7. Any amendment in the notice or bid document will be posted in ppmo's e-bid portal (www.bolpatra.gov.np) and website of kispang RM.
8. The Employer reserves the right to accept or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administritive Officer**


**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री इन्टरनेशनल ट्रेड लिङ्कस रिक्रुटमेन्ट प्रा.लि. (ई.प.नं. ८५/०५३/०५४) काठमाडौंको साविकको ठेगाना काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.२** परिवर्तन गरी **का.म.न.पा वडा नं.४ काठमाडौं** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**रानी जमरा कुलरिया सिंचाई आयोजना**
**कृषि कार्यक्रम कार्यान्वयन एकाई, टीकापुर, कैलालीद्वारा प्रेषित**

**जनचेतनामुलक सन्देश**

"आई.पि.एम पद्धती अपनाऔं, स्वस्थ बाली संगसंगै स्वस्थ पर्यावरण बनाऔं"
एकीकृत शत्रुजीव व्यवस्थापन (आई.पि.एम)




**एकीकृत बाली शत्रु व्यवस्थापनका विधिहरु:**
१. रोग किरा अवरोधक जातको प्रयोग ।
२. कृषि कर्ममा आधारित तरिका: बाली चक्र, बिउं छर्ने वा रोपाइँ गर्ने समयको हेरफेर, उचित खनजोत , बाली कटानीपछी अवशेष नष्ट गर्ने ।
३. भौतिक तथा यान्त्रिक तरिका: हातले टिप्ने, अवरोध राख्ने, पासो थाप्ने, अनाज सुकाउने ।
४. जैविक तरिका: परजीवी एवम् शिकारी किरा साथै विभिन्न जीवाणुजस्तै ब्याक्टेरिया, फंगस, भाईरस, र निमाटोडको प्रयोग ।
५. आकर्षक रासायनिक पदार्थको प्रयोग: विभिन्न पदार्थ जस्तै मिथाइल युजिनल, क्युल्यूर, विभिना फेरोमोन आदिको प्रयोग ।
६. घरेलु व्यवस्थापन विधिहरु ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सर्वोच्चमा प्रकाशमानका चुनौती

**आइतबार राष्ट्रपति रामचन्द्र पौडेलबाट शपथ लिएसँगै सर्वोच्च अदालतले प्रकाशमान सिंहलाई ३१औँ प्रधानन्यायाधीशका रूपमा पाएको छ । सर्वोच्च अदालतको नेतृत्वमा आउनासाथ हरेक प्रधानन्यायाधीशको चुनौतीको विषय हो– न्यायालयमाथिको विश्वासमा कमी हुन नदिनु ।**

**'सानालाई ऐन, ठूलालाई चैन' चर्चित नेपाली उखानको प्रसंग बेलाबेला न्याय सम्पादनका बेला मिलेको आरोप जिल्ला अदालतदेखि सर्वोच्चसम्मलाई लाग्छ । अझ पछिल्लो समय न्यायमा ढिलाइ हुँदा 'मरेपछि ओखती' भन्ने उखान पनि चर्चामा आउँछ । सर्वोच्चमा अहिले १० वर्षदेखिका मुद्दा छन् । यस्तो मुद्दा करिब २६ हजारको संख्यामा रहेको बताइन्छ । १० जना प्रधानन्यायाधीश फेरिँदा पनि काभ्रेकी पूर्णिमाया लामाको मुद्दाको किनारा लागेको छैन । पूर्णिमायाको श्रीमान् अर्जुन लामाको हत्या अभियोगमा सर्वोच्चमा दायर मुद्दाको ६३औं पटक पेशी तोकियो । तर, यो मुद्दालाई सर्वोच्चले वारपार गर्न सकेको छैन । यस्ता सयौं मुद्दा छन् जसका कारण अरू मुद्दाको सम्पादनमा ढिलाइ हुने छ ।**

**कुनै बेला नेपाल बार एसोसिएसनका अध्यक्ष रहेका बेला राउतले अदातलभित्र विकृति भएको भन्दै औंला उठाएका थिए । अहिले राउत आफैं नेतृत्वमा पुगेका छन् । अहिले बारसँग सर्वोच्चको न्याङठ्याङ नमिल्ने लगभग पक्का देखिन्छ । बारका अध्यक्ष गोपालकृष्ण घिमिरेले राउतलाई साथ नदिने छनक देखाइसकेका छन् ।**

**न्यायाधीश नियुक्तिमा असन्तुष्टि जनाउँदै घिमिरेले विरोध गर्दा सर्वोच्चमा उनीमाथि अवहेलनाको मुद्दासमेत परेको थियो । यद्यपि, घिमिरेविरुद्ध परेको उक्त रिट फिर्ता लिने भएको छ । आफ्नाविरुद्धको उजुरीमा परेका सांसदहरूको प्रश्नमाथि जवाफ दिने क्रममा राउतले फैसलाको पूर्णपाठ पढ्न सुझाउँदै कूटनीतिक जवाफ दिएर सर्वोच्चको नेतृत्वमा पुगिसकेका छन् । राउतविरुद्ध संसदीय सुनुवाइ समितिमा छ वटा उजुरी परेका थिए ।**

**न्यायाधीश नियुक्ति जहिल्यै विवादित बन्छ । सर्वोच्चमा आवश्यक चारजना न्यायाधीशको नियुक्ति राउतका लागि अर्को काउसोको विषय बन्ने छ । न्यायाधीश नियुक्ति गर्ने न्याय परिषद् ऐनको प्रावधानप्रति नेपाल बारको विरोध छ । बारले वर्तमान न्याय परिषद् ऐन खारेजीको माग गरेको छ । बेञ्च र बारबीच तीक्ततापूर्ण सम्बन्ध रहेकाले त्यसलाई सुधार गर्नुपर्ने अहिलेको अवस्थामा राउतले भरपर्दो भूमिका निभाउनुपर्ने देखिन्छ ।**

**अर्को महत्त्वपूर्ण विषय भनेको न्यायालयलाई बिचौलियामुक्त बनाउनु । चैत १६, २०८२ सम्म सर्वोच्चको नेतृत्वमा रहँदा माथिका चुनौतीमाथि सुधार गर्नसके राउत सफल भएको ठहरिने छ ।**

## मनन्योग्य

### चाणक्य नीति

विष्णुगुप्त पण्डित राधामोहनको पाठशालामा विद्या पढ्न थाले । उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो । कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो ।

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे । यो कुरा सुन्दा पण्डित राधामोहन गद्गद् भए । उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ । तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैँ चम्कनेछौ । मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ ।ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए ।

चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- 'कुनै चिन्ता छैन, तिमी मसँग हिंड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु । ती पण्डितजी आफ्नो गाउँमा पुगे । दुई तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए । एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- 'हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको ऋणबाट कसरी मोक्ष पाउँला ! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो । के हजुर मलाई शिक्षा दिनुहुन्छ !' 'किन हुँदैन बाबु ! शिक्षा दिनु नै हाम्रो धर्म हो । म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउछु,' पण्डितजीले भने ।

# बाढी, पहिरो र डुबानपछिको स्वास्थ्य जोखिम



■ डा. प्रकाश बुढाथोकी

> झाडापखालाजन्य रोगहरु, हैजा, जण्डिस, आउँ, टाइफाइड, झाडापखाला, बान्ता, पेटका रोग, श्वासनलीका रोग, सार्स, घाँटीको संक्रमण, हेपाटाइटिस ए र ई, जुका, ट्राइकुरियोसिस, आँखापाक्ने, ट्रकोमा, निमोनिया, रूघाखोकी, फ्लु, स्वाइनफ्लु, बर्डफ्लु, क्षयरोग, छालाजन्य संक्रमण र रोगलगायतका निकै संक्रामक रोगहरु र ८० प्रतिशतभन्दा बढी रोगहरु पनि साबुनपानीले हात धुँदा रोक्न सकिन्छ । मिचीमिची साबुनपानीले हात धुँदा किटाणु, चिल्लोपना र फोहोर टुक्रिन्छ र हात मिच्न, घर्षण गराउन, सजिलो, सफा सुगन्धले प्रोत्साहन दिन्छ । पानीको सेवन उमालेरमात्र प्रयोग गर्ने तथा पूरा बाहुला भएका कपडा लगाउने, झुलमा सुत्नेजस्ता काम गर्दा पनि लामखुट्टेजन्य रोगहरूबाट बच्न सकिन्छ ।

यही असोज ११ र १२ गतेको अविरल वर्षापछि प्रभावित जिल्ला र पालिकाका नागरिकहरूको खानपान जीवनशैली र बसोबासमा असर परेको छ । उपलब्ध आधारभूत सेवा खानेपानी, शौचालय, बत्ती, स्वास्थ्य सबै आधारभूत सेवामा असर परेको छ । तत्काल खोज, उद्धार, राहत र उपचारपछि अब महामारीको जोखिम कसरी कम गर्नेमा सबैको ध्यान जरुरी छ । प्रदूषित पानी, खाना, लामखुट्टेको वृद्धि र विकास, अस्वस्थ तथा पानीको न्यून उपलब्धता, सामूहिक विकास र भएको धनजनको क्षतिले पारेको मानसिक समस्याले संक्रमण र प्रकोपको जोखिम बढाउँछ ।

मानव जीवनको सबैभन्दा ठूलो सम्पत्ति भनेको स्वास्थ्य हो । अस्वस्थ भइसकेपछि उपचार गर्ने र स्वस्थ हुने प्रयत्नभन्दा रोग लाग्न नदिनु नै सबैभन्दा बढी सुरक्षा र बुद्धिमता मानिन्छ । नेपाल खुला दिसामुक्त देश घोषणा भएको २०७६ देखि हाल चार वर्ष नाघे पनि तराईमा मैदान जाने क्रममा कमी आएको छैन । खानेपानी मन्त्रालयकाअनुसार एक दशकअघि कूल ८५ प्रतिशतमाझ खानेपानीको पहुँच पुगेकामा हाल ९४ प्रतिशत र ७५ प्रतिशत घरमा शौचालय रहेकामा हाल ९५ प्रतिशत पुगेको छ । त्यस्तै देशभर १० प्रतिशत ढलसहितको व्यवस्थापन र प्रशोधित फोहोर पानीको स्तर तीन प्रतिशतमा सीमित छ । तथापि, सरसफाइजन्य संक्रमणमा उल्लेखनीय कमी आएको छैन । किनभने पूर्णसरसफाइका ५+१ विषय र सूचकहरूका कार्यान्वयन नै पूर्ण सरसफाइयुक्त हो । उक्त विषय र सूचकहरूमा चर्पीको प्रयोग, पानी प्रयोगसम्बन्धी सुरक्षित व्यवहार, साबुनपानीले हातधुने बानी (चर्पीको प्रयोगपछि, खाना बनाउनु, खानु र खुवाउनुअघि, कुनै फोहोर कुरा वा विषादी छोएपछि र बिरामी तथा बच्चाको स्याहार गर्नुअघि र पछि), खाना प्रयोगसम्बन्धी सुरक्षित व्यवहार, सफा घरआँगन र सफा वातावरण पर्दछन् ।

रोगीको मलमूत्रलाई पानीको मुहान नजिक वा जथाभावी नफाली खाल्डोभित्र पुर्नुपर्दछ । खानेकुरालाई झिँगाबाट बचाउनुपर्दछ । झिँगा लागेको, बासी, सडेगलेका, नपाकेका, चिसिएको खुला स्थानका खाद्यपदार्थ खानु हुँदैन । बजारको बरफ, आइसक्रिम तथा दुग्धजन्य पदार्थ खानु हुँदैन । आफैंले बोक्रा ताछेका फलहरू मात्र खाऔं । तातो खाना, तरकारी राम्ररी पकाएर मात्र खाऔं । सम्भव भए दाँत माझ्दा पनि उमालेर चिसिएको पानी प्रयोग गर्नु राम्रो हुन्छ । गाजर, मूलालगायतका हरियो सलाद संक्रमणमुक्त बनाएर मात्र सेवन गर्नुपर्दछ । उपलब्ध सबै तरल पदार्थहरू उमालेर मात्र प्रयोग गर्नुपर्दछ । पटक-पटक र कम्तीमा खाना खानुअघि र दिसापिसाबपछि संक्रमणमुक्त झोल वा साबुनले हात धुनै पर्दछ । भान्साकोठामा प्रयोग गरिने सबै सरसामान संक्रमणमुक्त बनाएरमात्र प्रयोग गर्नुपर्दछ ।

## हात धुँदाका फाइदा

झाडापखाला सबैभन्दा बढी खानेपानी र सरसफाइ हात नधोएर नै हुने गर्दछ । शुद्ध खानेपानी र सरसफाइका कारण ८८ प्रतिशत झाडापखाला हुने गर्दछ, मिचीमिची साबुनपानीले हात धुँदा झाडापखाला लाग्ने दर र मृत्युदर आधा वा ४५ प्रतिशतले कम हुन जान्छ । साबुनपानीले हातधुने बानी बसाल्दा श्वासप्रश्वासजन्य संक्रामक रोगहरू तथा त्यसबाट हुने मृत्यु ५० प्रतिशत कम हुन्छ । सुँडेनीले हात धोएर प्रशव गराउँदा १९ प्रतिशत तथा सुत्केरी आमाले साबुनपानीले हात धोएर नवजात शिशुको स्याहार गर्दा ४४ प्रतिशतले नवजात शिशुको मृत्युदरमा कमी आउँछ । विद्यालयमा साबुनपानीले हात धुवाउँदा बालबालिकामा लाग्ने संक्रामक रोग ५० ले कम हुछ । झाडापखालालाई पानीजन्य रोग भनिए पनि हात धुने बानीले कम गर्न सकिने डब्ल्युएचओले जनाएको छ ।

लण्डन स्कुल अफ हाइजिनलगायतका विभिन्न निकायहरूको खोज, अनुसन्धानमा हातधुने बानीले छातीको संक्रमण, निमोनिया हुने दर, पेटमा जुका, छाला र आँखाको संक्रमणसमेत न्यून हुन्छ । अमेरिकाको सिडिसीका अनुसार उचित तरिकाले हात धोएर आधाजति खाद्यजन्य रोगहरू पनि कम गर्न सकिन्छ । स्कुले विद्यार्थीमा गरिएको सर्वेक्षणमा चारपटक हात धुनेमा श्वासप्रश्वास रोग २४ प्रतिशत र पेटसम्बन्धी रोग ५१ प्रतिशतले कम भएको देखिएको छ । संक्रमणको कारण खानामा विषाक्त हुने, पेट दुख्ने, झाडापखाला लाग्ने, बान्ता हुने, टाउको दुख्ने तथा पेटमा अन्य रोग लाग्न सक्दछ । प्रतिरोधात्मक क्षमता कम भएका तथा दीर्घरोगीलाई तुरुन्तै असर देखिन सक्छ । बालबालिका र वृद्धाहरूमा बढी समस्या देखिने सम्भावना हुन्छ । तसर्थ, विपद् र बाढी, पहिरो र डुबानपछि झनै हातको सरसफाइको महत्त्व छ ।

## लामखुट्टेजन्य रोगहरु

अव्यवस्थित सहरीकरण, स्वास्थ्य असावधानी तथा मौसम परिवर्तनका कारण डेंगु, औलो, कालाजार, हात्तीपाइलेलगायतका कीटजन्य रोग दिन प्रतिदिन बढ्दै र प्रकोपको रूप लिँदै छ । जनस्वास्थ्यका दृष्टिले रोगको उपचारभन्दा नियन्त्रण महत्त्वपूर्ण रहन्छ । यसका लागि लामखुट्टेको बासस्थान, जीवनचक्र, सार्ने किटाणुका प्रकार, स्वरूप आदिका बारेमा गहन अनुसन्धान हुनुपर्दछ । यसैका लागि स्थापना भएको कीटजन्य रोग अनुसन्धान केन्द्र त्यत्ति प्रभावकारीरूपमा अघि बढेको देखिँदैन ।

लामखुट्टेको टोकाइबाट ब्याक्टेरिया, भाइरस र परजीवीद्वारा लाग्ने छ खतरनाक रोगहरू पर्दछन् । संक्रमित एनोफिलिज लामखुट्टेको टोकाइले प्लाज्मोडियम परजीवीबाट लाग्ने औलो, एडिज एजिप्टाइ र केही हदसम्म अल्बोपिक्टस लामखुट्टेको टोकाइबाट डेंगु ज्वरो, एडिज प्रजातिको लामखुट्टेको टोकाइबाट जिका फिवर, एडिज एजिप्टाइ र अल्बोपिक्टस लामखुट्टेको टोकाइबाट चिकनगुनिया, लामखुट्टेको टोकाइबाट बुचेरिया ब्यान्क्राफ्टी, ब्रुइयामलयी, ब्रुइयाटिमोरीजस्ता परजीवीले लिम्फेटिक फिलिरियासिस र लामखुट्टेको टोकाइबाट जापानिज इन्सेफलाइटिस पर्दछन् । संसारभर लामखुट्टेको टोकाइबाट हरेक वर्ष १० लाखभन्दा बढी मानिसको मृत्यु हुने गरेको छ । यसको अधिकांश हिस्सा औलोले लिने गरेको छ ।

सफा पानीमा पाइने पोथी एडिस एजिप्टीले दिउँसोमात्र टोक्दा हुने डेंगु संक्रमण टाइप १ बाट २ मा जाने, मृत्यु कम हुने क्लासिकबाट बढी मृत्यु हुने हेमोरेजिक र शक डेंगुमा जानसक्ने, मुलुकका केही स्थानका ठूला अस्पताल र मेडिकल कलेजमा मात्र उपलब्ध भेन्टिलेटर, जनचेतनामा कमी, रक्तसञ्चार सेवा तथा रगतको अभाव आदिले संक्रमण बढे धेरै धनजनको क्षति हुनसक्छ । औलो उन्मूलन भइसकेको घोषणा गरिएको भनिए पनि नेपाल सरकार इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण केन्द्रका अनुसार नेपालका ६५ वटा जिल्ला (५२ वटा सामान्य समस्याग्रस्त र १३ अति नै प्रभावित) र ७५ प्रतिशतभन्दा बढी जनता अझै पनि जोखिममा छन् । त्यसो त महामारी देखाउने औलो, डेंगु, इन्सेफलाइटिस्, फिलिरियालगायतका भेक्टरबर्न संक्रमण लामखुट्टेको टोकाइबाट मात्र सर्दछ ।

यस्ता रोग फैलिन तथा परजीवीको विकास र जीवनचक्र पूरा हुन लामखुट्टे र मानिस नभई हुँदैन । तसर्थ रोकथामका उपाय भन्नासाथ लामखुट्टेको विकास र जीवनचक्र नाश गर्नु पर्दछ । जीवनचक्र पूरा हुन नदिन लामखुट्टेको टोकाइबाट मानिस पनि जोगिने गर्नु पर्दछ । कुनै पनि किसिमको पानी जम्ने ठाउँ हुनु हुँदैन, फोहोरलाई पुर्ने, सुकाउने, गाड्ने वा जलाउने गर्नुपर्दछ । लामखुट्टेको टोकाइबाट बच्न घरको झ्यालढोकामा मसिनो जालीको प्रयोग गर्ने, सुत्दा कीटनाशक झुलको प्रयोग गर्ने, पंखा, एयर कुलर, एयर कण्डिसन प्रयोग गर्ने गर्नुपर्छ । जाली र झुलको व्यवस्था हुन नसक्ने ठाउँमा लामखुट्टे भगाउने धुप, झोलको प्रयोग गर्ने, घरबाहिर जाँदा शरीरको खुल्ला भागमा लामखुट्टे धपाउने मलमको प्रयोग गर्ने वा तोरीको तेल, निमको तेल वा लामखुट्टे रिपेलेन्ट दलेर बस्ने र सुत्ने र प्रभावित क्षेत्रमा जाँदा वा बस्दा पूरै शरीर ढाकिनेगरी पूरा लामो बाहुला भएको सेतो हलुका रङको कमिज र पाइन्ट लगाउनुपर्दछ ।

लामखुट्टेको नाश गर्न आ-आफ्नो घरगोठमा कीटनाशक औषधि छर्कने, औषधि छर्केको तीनदेखि छ महिनासम्म लामखुट्टे मर्ने भएकाले कीटनाशक छर्केको भित्तामा कम्तीमा तीन महिनासम्म लिपपोत नगर्ने, कीटनाशकयुक्त झुलको प्रयोग गर्ने, पानी सोस्ने रुखहरू जामुन, सिमल, मसला रोप्नुपर्छ । सडकका खाल्डाखुल्डी पुर्ने, पोखरी, इनार र कुलोको वरिपरिको घाँसपात सफा गर्ने, मट्टितेल, डिजल, डिडिटी मालाथियन, क्लोडिन, डेल्ड्रिन छर्कने, जमेको पानीलाई बग्नदिने गर्नु पर्दछ । लामखुट्टेको बच्चा विनाश गर्न लामखुट्टेले विशेषगरी जमेको पानीमा फुल पार्ने र प्रजनन् गर्ने भएकाले त्यस्ता खाल्डा तुरुन्त पुरिदिएमा वा सात दिनभित्र सुकाउने, जमेको पानीलाई बगाइदिने गर्दा फुल र लार्भाहरू मर्दछन् । गाउँका पोखरी, दह, तलाउ, नाला र खाल्डामा लामखुट्टेको लार्भा खाने माछा पाल्ने, घर वरिपरि जमेको पानीमा मट्टितेल, डिजल, डिडिटी छर्कने, जामुन, सिमल, मसलाजस्ता पानी सोस्ने रुखहरू पानी जम्ने ठाउँमा रोप्ने गर्दा पनि बच्न सकिन्छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रतिकार्यमा प्रभावित प्रदेश, जिल्ला र स्थानीय तहसँगको सहकार्य, समन्वयमा स्थानीय तहका द्रूत प्रतिकार्य टोली परिचालन, नियमित केस अनुसन्धान, प्रभावित स्थानमा थप सक्रिय बिरामीको खोजी, सम्पर्कमा रहेकाहरूको लक्षणको निगरानी तथा स्वास्थ्य शिक्षाका सामग्रीहरू तयार र प्रसारण गरिरहेको छ । निगरानीअन्तर्गत झाडापखालाका बिरामीहरूको १४४ अस्पतालमा नियमितरूपमा हैजाको निगरानी, खानेपानीको गुणस्तरमा निगरानी, एउटै टोलमा एक हप्तामा पाँच जना बढीमा झाडापखालाका बिरामी देखिएमा टोल फ्री हटलाइन नम्बर ११९५ मा सम्पर्क गर्न सकिने व्यवस्था गरेको छ । बिरामी देखिएका स्थानहरूमा खानेपानीको नमूना जाँच, खानेपानीको शुद्धीकरण तथा व्यक्तिगत सरसफाइका जनचेतनामूलक कार्यक्रम सञ्चालन, खानेपानी शुद्धीकरणजस्ता कार्यहरू स्थानीय तह र विकास साझेदारसँगको समन्वयमा भइरहेको छ । खानेपानी गुणस्तर समितिलाई सक्रिय बनाइएको छ । आवश्यकतानुसार विज्ञ परिचालन र अन्तरमन्त्रालय, प्रदेश, तह एकीकृत समन्वय तथा सहकार्य गर्दछ । एकीकृत पानीजन्य स्वास्थ्य प्रकोप नियन्त्रण गर्न स्वास्थ्य मन्त्रालय र खानेपानी मन्त्रालयका सहसचिवको नेतृत्वमा सात सदस्यीय समिति बनेको छ ।

## स्वास्थ्य संस्थाभित्र पनि बाढी

असोज ११ र १२ गतेको अविरल वर्षापछि देशभरका ५७ वटा स्वास्थ्य संस्थाहरूमा क्षति पुगेको छ । यसमा पाँचवटामा पूरै क्षति भएकाले अस्थायी पाल वा टहराबाट आधारभूत सेवा प्रदान गरिरहेका छन् । स्वास्थ्य संस्थामा बाढी पसेपछि र डुबानमा परेपछि किटाणुयुक्त भएकाले ज्ञात अज्ञात संक्रमण फैलने जोखिम छ । पानी जम्मा रहँदा डेंगीलगायत कीटजन्य संक्रमण बढ्नसक्छ, लेप्टोस्पाइरोसिस हुनसक्छ । काठमाडौंका धेरै अस्पतालहरूमा बाढीको हिलाम्यै पानी पसेको सम्भवतः पहिलोपटक हो । यसले उपचाररत बिरामीलाई अर्कै अस्पतालमा सार्नुपरेको थियो भने उपचारका लागि जानेमासमेत प्रभाव पारेको छ । ती अस्पताललाई संक्रमणरहित बनाउनुपर्ने पहिलो आवश्यकता छ । घरवारविहीन बालबालिका, गर्भवती महिला र दीर्घरोगी ज्येष्ठ नागरिकहरू सबैभन्दा बढी प्रभावित र जोखिममा छन् । संक्रमणयुक्त स्वास्थ्य संस्थाहरूबाट संक्रामक रोगहरूको उच्च जोखिम रहन्छ, जसलाई हस्पिटल एक्वाइरड अर्थात् नोसोकोमियल इन्फेक्सन भनिन्छ । यस्तो समय अस्पतालमा हुने संक्रमण नियन्त्रण एकाइ सक्रिय हुन जरुरी हुन्छ ।

जुनसुकै स्रोत र मुहानको पानी भए पनि उमालेको वा क्लोरिन/आयोडिनले उपचार गरिएको पानीमात्र प्रयोग गर्नुपर्दछ । क्याण्डिल फिल्टरले रोग उत्पन्न गर्ने किटाणु छान्न नसक्ने भएकाले पानी उमालेर प्रयोग गर्नुपर्छ । पाँच मिनेटसम्म उमालेर सफा भाडोमा चिसो पारेर राखेको पानीमात्र सेवन गर्नुपर्दछ । शुद्ध खाना, खानेपानी, पर्याप्त सरसफाइ, व्यक्तिगत स्वच्छता नै हैजालगायतका खाना र पानीजन्य संक्रमणबाट बचाउ गर्ने उपाय हुन् । स्वास्थ्य, शिक्षा र खाद्यसुरक्षा पनि उत्तिकै महत्त्वपूर्ण कारक हुन् । तथ्यांकअनुसार सरसफाइमा सुधारले झाडापखालाले हुने मृत्यु ३२ प्रतिशतसम्म कम गर्न सकिन्छ । खानेपानीको गुणस्तरमा सुधारले २५ प्रतिशतसम्म मृत्युदर कम गर्न सकिन्छ । स्वच्छ पानी, सरसफाइ, व्यक्तिगत स्वच्छता तथा हात धुनेजस्ता स्वास्थ्य शिक्षामार्फत झाडापखाला ४५ प्रतिशतसम्म कम गर्न सकिन्छ । खानेपानीलाई क्लोरीनेसन गरेर शुद्ध बनाउँदा झाडापखाला ३९ प्रतिशतसम्म कम गर्न सकिने विश्व स्वास्थ्य संगठनले जनाएको छ ।

अन्त्यमा, झाडापखालाजन्य रोगहरू, हैजा, जण्डिस, आउँ, टाइफाइड, झाडापखाला, बान्ता, पेटका रोग, श्वासनलीका रोग, सार्स, घाँटीको संक्रमण, हेपाटाइटिस ए र ई, जुका, ट्राइकुरियोसिस, आँखापाक्ने, ट्रकोमा, निमोनिया, रुघाखोकी, फ्लु, स्वाइनफ्लु, बर्डफ्लु, क्षयरोग, छालाजन्य संक्रमण र रोगलगायतका निकै संक्रामक रोगहरू र ८० प्रतिशतभन्दा बढी रोगहरू पनि साबुनपानीले हात धुँदा रोक्न सकिन्छ । मिचीमिची साबुनपानीले हात धुँदा किटाणु, चिल्लोपना र फोहोर टुक्रिन्छ र हात मिच्न, घर्षण गराउन, सजिलो, सफा सुगन्धले प्रोत्साहन दिन्छ । पानीको सेवन उमालेरमात्र प्रयोग गर्ने तथा पूरा बाहुला भएका कपडा लगाउने, झुलमा सुत्नेजस्ता काम गर्दा पनि लामखुट्टेजन्य रोगहरूबाट बच्न सकिन्छ । हात धुन सम्भव नभएमा दुई हातलाई आपसमा मज्जाले रगडेमा पनि किटाणु मर्दछन् । नेपालीहरूमा युरोपेली र अमेरिकीभन्दा रोग प्रतिरोधात्मक शक्ति बढी छ भन्दैमा जे पायो त्यही र जहाँ पायो त्यही जसरी पनि खानेलाई रोगले छाड्दैन । रोगलाई प्राविधिक, आर्थिक, सामाजिक र राजनीतिकरूपमा बहुक्षेत्रीय सम्बोधन गरिनुपर्दछ । *रासस*

*(लेखक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता एवं नेपाल चिकित्सक संघका केन्द्रीय उपाध्यक्ष हुन्)*

प्रभाव दैनिक

रूपशाला

सोमबार २१, असोज २०८१ (Monday, October 07, 2024)

## अमेजन प्राइममा 'अनौठो तृष्णा'

अन्तर्राष्ट्रिय ओटीटी प्लेटफर्म अमेजन प्राइम भिडियोबाट नेपाली फिल्म अनौठो तृष्णा सार्वजनिक हुने भएको छ । फिल्म मंगलबार अक्टोबर ८ मा यसै मार्फत वर्ड प्रिमियर हुन लागेको हो । निरञ्जन प्रधानको निर्देशन रहेको फिल्ममा विजय बराल, नवीन न्यौपाने, महेश त्रिपाठी, श्रेष्ठ खड्का, अलिसा शर्मा, विकास लामिछाने लगायत कलाकारको मुख्य भूमिका छ । क्राइम तथा सस्पेन्स जनराको यो फिल्मको कथा बाबुराम निरौलाले लेखेका छन् । स्टर्म क्रो प्रोडक्सन नेपाल र स्टर्म क्रो फ्रेमवर्क अस्ट्रेलियाको निर्माणमा बनेको यो फिल्मका निर्माता सुगम आचार्य र निरन्जनले प्रधान हुन् ।




# काठमाडौंमा गुञ्जँदै सोनु निगम

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा 'सोनु निगम लाइभ इन नेपाल' नामक सांगीतिक कार्यक्रम हुने भएको छ । नेपाली टच नेपालले ह्यात रिजेन्सी होटलमा आइतबार एक कार्यक्रमका बीच डिसेम्बर २५ मा 'सोनु निगम लाइभ इन नेपाल'हुने जानकारी दिएको हो ।

नेपाली टचले विगत १५ वर्षदेखि अष्ट्रेलियामा विभिन्न इभेन्ट गर्दै आइरहेकोमा नेपालमा पहिलो पटक सांगीतक कार्यक्रम गर्न लागेको हो । कार्यक्रममा बोल्दै 'नेपाली टच नेपाल'का प्रमुख राजकुमार गोस्वामीले अष्ट्रेलियामा कार्यक्रम गर्दै आइएकोमा नेपालमा पनि सोही अनुसार कार्यक्रम गर्ने योजना अनुसार सांगीतिक कार्यक्रम गर्न लागिएको जानकारी दिए ।

'हामीले विगत १४-१५ वर्षदेखि अष्ट्रेलियामा कार्यक्रम गरिरहेका छौं । आफ्नै देशमा किन इभेन्टहरू नगर्ने भनेर नेपालमा एउटा इभेन्ट गर्ने कोशिस गरेको हो,' उनले भने- 'हामीले एउटा कार्यक्रम गरायौं भने नेपालसँग अन्तर्राष्ट्रिय कलाकारलाई जोड्ने माध्यम बन्छ । यहाँको सँगै बलिउडको कलासंस्कृतिलाई जोड्ने यो महत्वपूर्ण माध्यम हुनेछ । यसले नेपाली पर्यटनमा पनि सहयोग गर्ने आशा हामीले राखेका छौं ।'

गोस्वामीले क्रिसमसमा हुने कार्यक्रमका लागि आजैबाट टिकट बिक्री सुरु भएको घोषणा पनि गरे । कार्यक्रममा सहभागी हुन चाहनेले कार्यक्रमको औपचारिक टिकट विक्रेता इसेवामार्फत टिकट किन्न सक्नेछन् । कार्यक्रमका लागि चार प्रकारका टिकटको व्यवस्था गरिएको छ ।

जहाँ सबैभन्दा सस्तो फेस्टिभ जेनेरल टिकटको २ हजार , फेस्टिभ प्ल्याटिनमको ४ हजार, फेस्टिभ भिआइपी सिटिङको १० हजार तथा फेस्टिभ भीभीआइपी टेवलको ५० हजार रूपैयाँ शुल्क तोकिएको छ । जसमा प्ल्याटिनम टिकट किन्नेले एउटा वेभरेज निःशुल्क पाउनेछन् भने सिटिङ टिकटदेखिका सबै टिकट क्रेताले निःशुल्क फुड एण्ड वेभरेज पाउनेछन् ।

यो शुल्क दसैं तिहारको फेस्टिवल अफर भनेर निश्चित संख्याका टिकटका लागि मात्र उपलब्ध हुने जानकारी आयोजकले दिएको छ । भीभीआईपी टेबलमा ५० हजार तिर्नेले एक टेबल तथा ६ वटा कुर्सी पाउनेछन् । यसैगरी टिकेटिङ पार्टनर इसेवाका कार्यक्रम प्रमुख गौरीशंकर दाहालले इसेवाले पहिलेदेखि नै ठूलो राम्रो इभेन्टको आवश्यकता महसुस गरिरहेकोमा सोनु निगमसँग जोडिन पाएकोमा खुशी व्यक्त गरे ।

'इसेवालाई एउटा राम्रो इभेन्टको आवश्यक्ता पहिलादेखि नै महसुस गरिरहेको थियो । त्यसमा नेपाली टचजस्तो ठूलो कम्पनी त्यसमाथि सोनु निगमजस्तो इन्ट्रनेश्नल आर्टिस्टसँग जोडिन पाउँदा इसेवा कम्पनी नै खुशी छ,' उनले भने 'हामीले सबैको पहुँचमा पर्ने गरी टिकट बिक्रीका लागि राखेका छौं ।

# 'स्क्रिप्ट सुनेको २० मिनेटमै 'ज्वाइँ साब'मा अभिनय गर्न राजी'

■ प्रभाव संवाददाता



**काठमाडौं–** नायिका निती शाह यही असोज २४ गते फूलपातीको दिन रिलिज हुने फिल्म 'ज्वाइँ साब'मा 'लक्ष्मी' पात्रका रूपमा दर्शकमाझ आउँदैछिन् । फिल्ममा उनको जोडी जितु नेपाल छन् । फिल्मको पोस्टर, टिजर, गीत र ट्रेलरले उनको जोडी को भन्ने प्रष्ट्याइसकेको छ ।

नितीका अनुसार फिल्म 'ज्वाइँ साब'को स्क्रिप्ट सुनेको २० मिनेटमै उनी फिल्ममा काम गर्न सहमत भएकी रहिछन् । 'मलाई निर्देशक वसन्त निरौला र अनिश अधिकारीले सम्पर्क गर्नुभएपछि स्क्रिप्ट सुनें । स्क्रिप्ट सुनेको २० मिनेटमै फिल्ममा काम गर्छु भदिनिएँ । यो फिल्मको स्क्रिनप्ले राम्रो छ । मेरो क्यारेक्टर पनि राम्रो लागेकाले काम गर्न सहमत भएँ । फिल्ममा अनुबन्धित भएपछि मात्र जितु नेपाल पनि हुनुहुन्छ भन्ने थाहा पाएँ,' निती भन्छिन् ।

नितीका अनुसार फिल्मको कथा उनकै वरपर घुमेको छ । फिल्मको कथा नै आफ्ना लागि महत्वपूर्ण रहेको उनको भनाई छ । 'मलाई स्टोरीलाइन मन परेको थियो । फिल्मको कथा मेरै वरपर घुमेकाले पनि यो फिल्म गर्नुपर्छ भन्ने मलाई लाग्यो,' उनी भन्छिन् । केही समयअघि त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा छायांकन गरिएको दृश्यको फुटेज टिकटकमा सार्वजनिक भएको थियो । त्यो फुटेजका विषयमा सञ्चारमाध्यममा समाचार नै बने । निती टिकटकमा फुटेज सार्वजनिक भएपछि राम्रो रेसपोन्स भएको बताउँछिन् । 'हाँसीखुशी रातो पहिरनमा रमाएकी केटी एक्कासी त्यो अवस्थामा कसरी पुगिन् । यो कसरी सम्भव छ ? भन्ने चासो आम मानिसमा रहेछ । तर मेरो बुझाईमा जे हुन्छ राम्रैका लागि हुन्छ,' निती भन्छिन् ।

## रंगशाला

### एनपिएल अक्सन

# कुन टिमबाट को–को खेल्दै ?

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रिमियर लिग (एनपिएल) माको अक्सन सम्पन्न भएको छ । आइतबार राजधानीमा सम्पन्न अक्सनमा विभिन्न ८ टोलीहरूले क्रिकेट खेलाडीहरूलाई अक्सनमार्फत् टिममा भित्र्याएका थिए ।

### लुम्बिनीमा सन्दीप, सूर्य र विवेक

मिडल अडर ब्याट्सम्यान सन्दीप जोरालाई लुम्बिनी लाइन्सले किनेको छ । आइतबार भएको खेलाडी अक्सनमा लुम्बिनीले सन्दीपलाई १५ लाखमा किनेको हो । लुम्बिनीले यसअघि अक्सनमा सुर्य तामाङ र विवेक यादवलाई पनि १५-१५ लाखमा किनेको थियो । त्यसैगरी लुम्बिनीले तिलक राज भण्डारी र आशुतोष घिरैयालाई १०-१० लाखमा किनेको छ भने दुर्गेश गुप्तालाई ८ लाखमा किनेको छ । लुम्बिनी लाइन्सको मार्की खेलाडीमा राष्ट्रिय टिमका कप्तान रोहित कुमार पौडेल रहेका छन् ।

### देव खनाल कर्णालीमा

नेपाली राष्ट्रिय क्रिकेट टिमका ब्याट्सम्यान देव खनाललाई कर्णाली याक्सले किनेको हो । आइतबार भएको अक्सनमा खनाललाई कर्णालीले १० लाखमा किनेको हो । कर्णाली याक्स फ्रेन्चाईजीको मार्की खेलाडी सोमपाल कामी रहेका छन् ।

### अर्जुन कुमाल सुदूरपश्चिममा

यू-१९ क्रिकेट टिमका अर्जुन कुमाल सुदूरपश्चिम रोयल्समा आवद्ध भएका छन् । आइतबार भएको अक्सनमा कुमाललाई ७ लाख ५० हजारमा सुदूरपश्चिमले किनेको हो । यस अघि सुदूरपश्चिमले ब्याट्सम्यान आरिफ शेख र बलर अविनाश बोहोरालाई पनि किनेको थियो । सेखलाई उच्चतम मूल्य १५ लाख सुदूरपश्चिमले किनेको छ भने डेथ ओभर स्पेस्लिष्टको पहिचान बनाएका बलर अबिनास बोहोरालाई सुदूरपश्चिमले १२ लाखमा किनेको छ । सुदूरपश्चिम फ्रेन्चाईजीको मार्की खेलाडी दिपेन्द्र सिंह ऐरी रहेका छन् । पहिलो चरणमा सोल्ड नभएका विनोद भण्डारी दोस्रो चरणमा सुदुरपश्चिममा पुगेका छन् ।

### गुलसन कर्णाली याक्समा

नेपाली राष्ट्रिय टोलीका अलराउन्डर गुलसनकुमार झा कर्णाली याक्समा अनुबन्ध भएका छन् । चितवन राइनोज, काठमाडौं गुर्खाज, पोखरा एभेन्जर्स, विराटनगर किंग्स, जनकपुर बोल्ट्स, कर्णाली याक्स र सुदूरपश्चिम रोयल्सले उनीमाथि बोली लगाएका हुन् । लुम्बिनी लायन्सले भने उनीमाथि बोली लगाएको थिएन । गोलाप्रथाबाट उनी कर्णाली पुगे । उनको न्यूनतम मुल्य १० लाख रूपैयाँ थियो ।

### अर्जुन साउद लुम्बिनीमा

नेपाल राष्ट्रिय टोलीका विकेटकिपर ब्याटर अर्जुन साउद लुम्बिनी लायन्समा अनुबन्ध भएका छन् । क्यारोगरी 'ए' मा रहेका उनलाई पहिलो चरणमा कुनै टोलीले बोली लगाएनन् । उनको न्यूनतम मूल्य १० लाख थियो। तर, दोस्रो चरणमा उनी ५ लाखमा बिक्री हुन सफल भए ।

### अनिल जनकपुरमा अनुबन्ध

पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटको अक्सनमा विकेट किपर एवं ब्याटर अनिलकुमार साहलाई रु १५ लाखमा जनकपुर बोल्ट्सले पाएको छ । अक्सनमा अनिलले न्यूनतम रु १० लाख राखेका थिए । उनलाई किन्न अक्सनमा सबै आठ टोलीले प्रतिस्पर्धा गरेका थिए । जसमा अनिललाई 'लक्की ड्र'मार्फत जनकपुरले पाएको हो ।

आठ टोलीले नै मूल्य लगाउने अनिल एक्लो खेलाडी छन् । जनकपुरमा आसिफ शेख मार्की खेलाडीका रूपमा रहेका छन् । यसैगरी, बायाँ हाते स्पिनर सागर ढकाल रु १५ लाखमा पोखरा एभेन्जर्समा अनुबन्ध भएका छन् । 'ग्रेड ए' मा नाम राखेका उनलाई किन्न चितवन, सुदूरपश्चिम, पोखरा र कर्णालीले प्रतिस्पर्धा गरेका थिए । जसमा 'लक्की ड्र' मार्फत पोखराले पाएको हो । तीव्र गतिका बलर प्रतिश जिसीलाई रु १५ लाखमा विराटनगरले अनुबन्ध गरेको छ । 'ग्रेड ए' मा रहेका उनलाई अक्सनमा काठमाडौं, सुदूरपश्चिम र विराटनगरबीच प्रतिस्पर्धा भएको थियो । उनलाई लक्की ड्रमार्फत विराटनगरले पाएको हो ।

त्यस्तै, लोकेश बमलाई विराटनगरले रु १५ लाखमा अनुबन्ध गरेको छ । विस्फोटक ब्याटरका रूपमा परिचित उनलाई किन्न जनकपुरबाहेक सुदूरपश्चिम, काठमाडौं, लुम्बिनी, विराटनगर, पोखरा, चितवन र कर्णालीले प्रतिस्पर्धा गरेका थिए । यसैगरी, रिजन ढकाल रु १० लाखमा चितवन राइनोजमा आबद्ध भएका छन् । ए ग्रेडमा रहेका उनले न्यूनतम रु १० लाख पाएका छन् । त्यस्तै, अलराउन्डर दीपेश कँडेललाई काठमाडौंले रु पाँच लाख तिरेर अनुबन्ध गरेको छ ।


Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
**Kamala Irrigation Management Office**
Portaha, Dhanusha

**Invitation for Bids**

Date of Publication: 2081/06/21 (7th October 2024)

1. Government of Nepal (GoN) Ministry of Energy, Water Resources and Irrigation, Department of Water Resources and Irrigation, Kamala Irrigation Management Office, Dhanusha invites electronic bids from eligible bidders for the following bids under National Competitive Bidding (NCB) Single stage Single envelope procedure:

| S. N. | Contract Identification Number | Description of Works | Estimated Amount (without VAT) NRs. | Bid Security Amount (NRs.) | Bid Document Fee(NRs.) |
|---|---|---|---|---|---|
| 1 | KIMO/TMBJSK/NCB-01/081/82 | Construction of Deep Tubewell (250/150 mm dia) and Pump Test in Saptari District | 16,829,058.38 | 437,000 | 3,000.00 |
| 2 | KIMO/TMBJSK/NCB-02/081/82 | Construction of Deep Tubewell (250/150 mm dia) and Pump Test in Siraha District | 16,801,944.01 | 420,000 | 3,000.00 |
| 3 | KIMO/TMBJSK/NCB-03/081/82 | Construction of Deep Tubewell (250/150 mm dia) and Pump Test in Dhanusha District | 15,886,235.16 | 397,000 | 3,000.00 |
| 4 | KIMO/TMBJSK/NCB-04/081/082 | Construction of Deep Tubewell (250/150 mm dia) and Pump Test in Mahottari District | 16,945,205.34 | 423,000 | 3,000.00 |
| 5 | KIMO/TMBJSK/NCB-5/081/082 | Construction of Deep Tubewell (250/150 mm dia) and Pump Test in Mahottari District | 16,850,745.37 | 421,000 | 3,000.00 |
| 6 | KIMO/WCS/LGIRMTP/NCB-01/081/82 | Construction of Drop structure, Retaining wall and canal lining works at different chainage of Raghunathpur Branch canal | 6,147,452.81 | 153,000 | 3,000.00 |
| 7 | KIMO/WCS/LGIRMTP/NCB-02/081/82 | Construction of Drop structure, canal lining and Structure Protection works at different chainage of Parwaha Branch canal | 2,622,499.90 | 65,000 | 3,000.00 |
| 8 | KIMO/WCS/LGIRMTP/NCB-03/081/82 | Construction of Drop Structure, Retaining Wall and Bank Protection works at different chainage of Khajuri Branch Canal | 5,113,366.31 | 127,000 | 3,000.00 |
| 9 | KIMO/WCS/LGIRMTP/NCB-04/081/82 | Construction of Retaining Wall and Bank Protection works at different chainage of Mahinathpur Branch Canal | 5,148,525.55 | 128,000 | 3,000.00 |
| 10 | KIMO/ECS/LGIRMTP/NCB-05/081/82 | Construction of Vertical Lining, VRB and Protection Works at Kamala Eastern Canal | 3,425,181.27 | 85,600 | 3,000.00 |
| 11 | KIMO/WCS/LGIRMTP/NCB-06/081/82 | Repair and Maintenance of Service Road with RBM in Western Canal System from Ch. 4+030 (Hauwahi) to Ch. 5+130 Ilaka Prahari Chauki Near Yadukuha and Near Hathipur in Mahinathpur Branch Canal | 2,030,333.82 | 50,000 | 3,000.00 |
| 12 | KIMO/ECS/LGIRMTP/NCB-07/081/82 | Patch Repair and Maintenance of Canal Service Road with RBM at Main Canal Service Road ( at different chainage from Ch. 14+500 to 18+400 & Ch. 29+660 to 30+860) in Siraha | 2,073,402.25 | 51,000 | 3,000.00 |
| 13 | KIMO/HIS/AMIS/NCB-01/081/82 | Construction of Canal Lining works from Ch. 0+340 of Eastern Main Canal, U/S of 1 no. Branch near Deep Boring and U/S of 2 no. Branch canal | 3,666,788.39 | 91,000 | 3,000.00 |
| 14 | KIMO/ECS/AMIS/NCB-02/081/82 | Construction of RCC Vertical Lining, Protection wall, Outlet, Extension of VRB Slab at different chainage of Sukthour & Lagdigoth Branch Canal | 4,353,038.52 | 108,000 | 3,000.00 |

2. Last Date of Submission and Opening of Bid:

| Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| 2081/07/26 (11th November 2024) | 12:00 Hrs | 2081/07/26 (11th November 2024) | 13:00Hrs | For additional information Email:-kimo@dwri.gov.np, Contact no. 9854021118/ 9842950455 Bidders can download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. In e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |

3. Revenue and Dharauti Account Details:

| Account Holder's Name | Bank Name | Account Number | Heading No. | Remarks |
|---|---|---|---|---|
| District Treasury Comptroller Office, Dhanusha | Rastriya Banijya Bank Limited, Dhanusha | 1220100102030000 (Dharauti) | Office code:- 308031701 (Kamala Irrigation Management Office) | OR Issued by "A" class Commercial bank or Financial Institution eligible to issue Bank Guarantee for Bid security |
| Kamala Irrigation Management Office, Dhanusha | Rastriya Banijya Bank Limited, Dhanusha | 1000200010000 (Rajswa) | Revenue Shirshak No. 14229 | For Price of Bid. |

4. Pre-bid meeting shall be held on 2081/07/12 (28th October 2024) at 12:00 hrs at Kamala Irrigation Management Office, Portaha, Dhanusha.
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, 2063 and PPR, 2064 (Revised).
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

*Office Chief*

# इजरायल–हमास युद्ध अन्त्यका लागि बेलायत, जर्मनी र फ्रान्सको आग्रह



लण्डन- इजरायल-हमास युद्ध तत्काल रोक्न युद्धविराम गरिनुपर्ने बेलायत, जर्मनी र फ्रान्सले बताएका छन् । बेलायतका प्रधानमन्त्री केइर स्टार्मरले इजरायल र हमासबीचको एक वर्ष लामो द्वन्द्व अन्त्य गर्न सबैपक्ष संयमित बन्नुपर्ने र गाजामा युद्धविराम गरिनुपर्ने बताएका छन् । गाजा युद्धको प्रभावले बेलायतमा पनि सामुदायिक सम्बन्धमा असर पारेको उनले बताए । उनले युद्धविरामको विकल्प नरहेको बताए ।

प्यालेस्टिनी लडाकु समूहले अक्टोबर ७ मा इजरायलविरुद्ध गरेको अकल्पनीय आक्रमणको एक वर्ष पुग्नुभन्दा एक दिन अगाडि आफ्नो धारणा राख्दै स्टार्मरले सन्डे टाइम्समा लेखेका छन्, 'यसले हाम्रो आफ्नै समुदायमा पनि विवाद सिर्जना गरेको छ ।' 'इजरायल र मध्यपूर्व हाम्रो देशको इतिहासबाट अविभाज्य मात्र होइनन् । उनीहरूको हाम्रो बहुसांस्कृतिक समाजसँग गहिरो सम्बन्ध छ,' स्टार्मरले भने, 'लाखौंको यस क्षेत्रसँग पारिवारिक सम्बन्ध छ ।' अक्टोबर ७ मा भएको आक्रमणपछि इजरायलले गाजा पट्टीमा निरन्तर बमबारी गर्दै आएको छ ।

पछिल्लो दुई हप्तामा लेबनानमा इजरायलले हमासको इरान समर्थित लडाकु समूह हिजबुल्लाहविरुद्ध गरेको आक्रमण र इरानले इजरायलमाथि प्रहार गरेको ब्यालेस्टिक क्षेप्यास्त्रका कारण द्वन्द्व थप चर्किएको छ । स्टार्मरले 'इरानी आक्रमणको सामना गर्न बेलायत इजरायलको साथमा उभिने' बताए पनि उनले 'अर्को पुस्तालाई आघात, अनाथ र विस्थापित गरेर राम्रो भविष्यको सुनिश्चितता नहुने बताए ।

'अक्टोबर ७ को आक्रमणको वर्षगाँठले हामीलाई राजनीतिक असफलताको मूल्यको सम्झना दिलाउनुपर्छ,' उनले भने, 'ठूलो अस्थिरतामा कुनै सुरक्षा फेला पर्ने छैन ।' गत वर्ष हमासले गरेको आक्रमणमा परी एक हजार २०५ जनाको मृत्यु भएको थियो । इजरायलले गाजामा हमासविरूद्ध चलाएको जवाफी कारबाहीमा गाजामा कम्तीमा ४१ हजार ८७० जनाको मृत्यु भएको छ । दुवै पक्षको आक्रमणमा ज्यान गुमाएका व्यक्तिमध्ये अधिकांश सर्वसाधारण थिए । हमासको आक्रमणको एक वर्षको पूर्वसन्ध्यामा लण्डनलगायत विश्वभरि युद्धविराम गर्न दबाब दिन विश्वका अधिकांश प्रमुख सहरहरूमा प्रदर्शन गरिएको छ । पछिल्लो एक वर्षमा बेलायतमा यहुदी र मुस्लिम समुदायविरुद्ध 'घृणित हिंसा' बढेको भन्दै स्टार्मरले भने, 'हाम्रो भिन्नता र विविधताले हामीलाई अलग्याउने होइन अझ बलियोसँग बाँधेर राख्नुपर्छ ।' बेलायतस्थित धार्मिक संघसंस्था तथा तीनका नेताहरूले पनि आइतबार सन् २०२४ को अगस्ट ७ (आक्रमणको एक वर्ष पुगेको दिन) जनताका लागि 'सबै प्रकारका पूर्वाग्रह र घृणा' लाई अस्वीकार गर्ने अवसर हुनुपर्ने बताएका छन् ।

क्यान्टरबरीका आर्कविशप जस्टिन वेल्बी, प्रमुख रब्बी एप्रैम मिरविस र मस्जिद र इमामहरूको राष्ट्रिय सल्लाहकार बोर्डका अध्यक्ष इमाम कारी असिमले एक संयुक्त पत्र लेख्दै भनेका छन् कि उनीहरूसर्वसाधारण इजरायली र गाजाबासीको दुःखलाई अन्त्य गर्न ऐक्यवद्ध छन् । संयुक्त पत्रमा भनिएको छ, 'यो चुनौतीपूर्ण समयमा हामीलाई विभाजन गर्न खोज्नेहरूलाई पनि हामीले अस्वीकार गर्नुपर्छ । यहुदी विरोधी घृणा र मुस्लिम विरोधी घृणाको आज बेलायतमा कुनै स्थान छैन ।'

## जर्मनी

गाजा युद्धको सोमबार एक वर्ष पुग्ने र यसको पूर्वसन्ध्यामा आइतबार फेरि जर्मनीका चान्सलर ओलाफ स्कोल्जले युद्धविरामको आह्वान गरेका छन् । 'दुर्भाग्यवश, इजरायलमा हमासले गरेको आतंककारी आक्रमणको यो पहिलो वर्षगाँठमा मध्यपूर्वमा शान्ति वा मेलमिलाप पहिलेभन्दा धेरै टाढा देखिन्छ,' स्कोल्जले एक भिडियो सन्देशमा भने ।

जर्मन सरकारले युद्धविरामका लागि निरन्तर वकालत गरिरहेको छ । उनले भने, 'द्वन्द्वरत पक्षले अब अरू ढिला गर्नुहुन्न युद्धविरामको घोषणा गरिहाल्नुपर्छ ताकि गाजा पट्टीमा नागरिक जनसंख्यालाई अझ राम्रो संरक्षण गर्न सकियोस् र निःसन्देह, अझ राम्रो हेरचाह गर्न सकियोस् र इजरायली बन्धकहरूलाई रिहा गर्न सकियोस् ।'

## फ्रान्स

यसअघि, शनिबार फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंले इजरायललाई गाजामा प्रयोग गर्नका लागि हतियार वितरणमा रोक लगाउन आह्वान गरेका थिए । म्याक्रोंले लेबनानमा स्थल कारबाहीका लागि नेतन्याहूले सेना पठाउने निर्णयको पनि आलोचना गरेका थिए । म्याक्रोंले फ्रान्सेली प्रसारक फ्रान्स इन्टरसँग भने, 'मलाई लाग्छ आजको प्राथमिकता भनेको हामी राजनीतिक समाधानमा फर्कनु हो र हामीले गाजामा लड्नका लागि हतियार आपूर्ति गर्न बन्द गर्छौं ।' युद्धविरामका लागि पटक-पटक आह्वान गरिए पनि गाजामा जारी द्वन्द्वप्रति म्याक्रोंले चिन्ता व्यक्त गरेका छन् । उनले भने, 'मलाई लाग्छ हाम्रो कुरा सुनिएको छैन । मलाई लाग्छ यो इजरायलको सुरक्षासहित गल्ती हो । युद्धले 'घृणा' निम्त्याइरहेको छ ।'

## इजरायल

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले आफ्नो कार्यालयद्वारा जारी विज्ञप्तिमा भनेका छन्, 'इजरायलले इरानको नेतृत्वमा बर्बरताविरुद्ध लडिरहेको अवस्थामा सबै सभ्य देशहरू इजरायलको पक्षमा दृढताका साथ उभिनुपर्छ ।' विज्ञप्तिमा भनिएको छ, 'राष्ट्रपति म्याक्रों र अन्य पश्चिमा नेताहरूले अहिले इजरायलविरुद्ध हतियार प्रतिबन्धको माग गरिरहेका छन् । यो निर्णयले उनीहरूलाई लज्जित पार्ने छ ।' इजरायलले इरानसमर्थित समूहविरुद्ध विभिन्न मोर्चामा युद्ध लडिरहेको विज्ञप्तिमा उल्लेख छ । *रासस/एएफपी*

# वर्षगाँठको पूर्वसन्ध्यामा इजरायल सतर्क

**जेरुसेलम–** इजरायलले आफ्नो भूमिमा प्यालेस्टिनी इस्लामिक लडाकु समूह हमासले अक्टोबर ७ मा गरेको आक्रमणको वर्षदिनको पूर्वसन्ध्यामा शनिबार आफ्ना सेनालाई तयारी अवस्थामा राखेको छ । इजरायली सैन्य अधिकारीले इरानले गरेको क्षेप्यास्त्र आक्रमणको बदला लिने तयारी गरिरहेको बताएका छन् ।

इजरायलले लेबनानी समूह हिजबुल्लाहसँग युद्ध चर्किरहेका बेला सैन्य प्रमुख लेफ्टिनेन्ट जनरल हर्जी हालेभीले 'कुनै छुट वा राहतविना' आक्रमण हुने बताएका छन् । सेनाका प्रवक्ता रियर एडमिरल ड्यानियल हेगारीले अगस्ट ७ को भयानक वर्षगाँठको पूर्वसन्ध्यामा टेलिभिजनमा प्रसारण गरिएको ब्रिफिङमा भने, 'हामी यस दिनका लागि थप सेनाको साथ तयार छौं ।'

अक्टोबर ७ मा प्यालेस्टिनी समूहले इजरायलमाथि एक्कासि गरेको आक्रमणमा परी एक हजार २०५ जनाको मृत्यु भएको थियो । आक्रमणमा अधिकांश सर्वसाधारणको मृत्यु भएको थियो । एक वर्षपछि पनि गाजामा युद्ध जारी छ भने इजरायलले आफ्नो ध्यान लेबनान र इरान समर्थित हिजबुल्लाहतर्फ केन्द्रित गरेको छ । लेबनानको हिजबुल्लाहविरुद्ध इजरायली सेनाले 'लक्षित' कारबाही सुरु गरेयता 'जमिनी र हवाई' आक्रमणमा करिब ४४० हिजबुल्लाह लडाकु मारिएको बताएको छ । इजरायलले आफ्नो देशको उत्तरी क्षेत्रमा हिजबुल्लाहको रकेट आक्रमणका कारण विस्थापित भएका हजारौं नागरिकलाई स्वदेश फर्कन दिने लक्ष्य राखेको जनाएको छ । *रासस/एएफपी*

### काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०६/२१**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा रहेको **साल** जातको ग्रेड A को गोलिया थान ४ को ९४.०६ क्युफिट काठ, ग्रेड B को गोलिया थान २१ को ४६९.३० क्युफिट काठ, ग्रेड C को गोलिया थान २० को १३८.६० क्युफिट काठ र दाउरा ०.५० चट्टालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीले गोलिया काठ दाउराको सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**सिंहदेवी सामुदायिक वन उपभोक्ता समूह**
**कमलामाई न.पा -१३, सिन्धुली**

### नेपाल सरकार
### उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०६४।०६।०३ मा दर्ता भएको प्रा.लि.नं. ४८२७० को अल अरबिया ओभरसिज प्रा. लि. नामक कम्पनी यस कार्यालयको मिति २०८१।०६।२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।


**बहराइनमा रोजगार** — कम्पनी : Tanweeredu

पूर्व स्वीकृति मिति : २०८१/०६/२० | LT. No. 311816 | चलानी नं. ६०२२६३०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Worker | 4 | 1 | 150 | ५३,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज २८ गते (14th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Eminence Recruitment International Pvt Ltd
Bhimsengola-31, Prayagmarg, Kathmandu Tel no: 01-4110036, 4110040, 9851164154, 9849964370
9803193977 Email : info@eminencenepal.com, Website : ww.eminencenepal.com
Govt. License No. 1569/079/80

**युएइमा रोजगार** — कम्पनी : FJK TECHNICAL SERVICES EST

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 311796 | चलानी नं. ६०२२६२४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MASON | 10 | 0 | 1200 | ४४,०४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज २८ गते (14th Oct. 2024) मा हुनेछ ।

Fine Job Recruitment Pvt. Ltd.
Gyanjyoti Marga-4, Maharajgung, Kathmandu, Phone No. 01-4110722 / 4110721
E-mail : finejobrecruitment@gmail.com, GPO Box No.:- 6163 , web:- www.finejob.com.np
Government License No. 1180/073/74

**युएईमा रोजगार** — कम्पनी : RAJ ROCKS L.L.C.

पूर्व स्वीकृति मिति : २०८०/०८/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/२० | LT. No. 295235 | चलानी नं. ६०२१०३६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Vehicle Driver | 2 | 0 | 1500 | ५५,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Miner | 23 | 0 | 800 | २९,३६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज २८ गते (14th Oct. 2024) मा हुनेछ ।

GREEN LIGHT OVERSEAS PVT. LTD
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, 9851358431
Email:info@greenlight.com.np, Web: www.greenlight.com.np
श्रम ईजाजत नं. 1365/074/75

**जापानमा रोजगार** — कम्पनी : LIFE VISION cooperative

पूर्व स्वीकृति मिति : २०८१/०६/२० | LT. No. 311645 | चलानी नं.६०२२६३३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reinforcing Bar Placer | 2 | 0 | 160000 | १४५,०८० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज २८ गते (14th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

- **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव**:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।
- **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू**:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निः शुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

- **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

KIZUNA H.R.SOLUTIONS PVT.LTD
Kizuna Bldg 3F, Tokha-7, Basundhara, Kathmandu, Nepal, Tel: 977-9857052135
श्रम ईजाजत नं. १६१२/०७९/०८०

**साउदीमा रोजगार** — कम्पनी : Al Tatweej Cars Company is a one person company

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 311742 | चलानी नं. ६०२२६३३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1900 | ६८,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al Aqsa Oasis Car Showroom

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 311741 | चलानी नं. ६०२२६३३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1900 | ६८,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज २८ गते (14th Oct. 2024) मा हुनेछ ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**युएईमा रोजगार** — कम्पनी : AL MAYAS HOSPITALITY SERVICES CO. LLC

पूर्व स्वीकृति मिति : २०८०/१२/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/२० | LT. No. 302925 | चलानी नं. ६०२१७७८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 0 | 1000 | ३६,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sales Officer | 25 | 0 | 1200 | ४४,०४५ | | | | | | | |
| 3 | Waiter | 30 | 0 | 1100 | ४०,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज २८ गते (14th Oct. 2024) मा हुनेछ ।

Alfarooque Overseas Pvt .Ltd.
Basundhara, (Infront of police station), Kathamandu, Nepal
Phone No: 01- 4961373 Mobile : 9843653970, 9851279430
E-mail.: Farukkhan650@gmail.com, www.alfarooqueoverseas.com
श्रम ईजाजत नं: १२६०/०७४/७५

**युएईमा रोजगार** — कम्पनी : Flora Creek Hotel Apartments

पूर्व स्वीकृति मिति : २०८१/०६/२० | LT. No. 311889 | चलानी नं. ६०२२६३१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 5 | 0 | 1000 | ३६,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeping Attendant / Chamberman | 5 | 5 | 2200 | ८०,७४५ | | | | | | | |
| 3 | Waiters | 5 | 0 | 1200 | ४४,०४५ | | | | | | | |
| 4 | Waitress/ Waiter | 0 | 5 | 1200 | ४४,०४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ३० गते (16th Oct. 2024) मा हुनेछ ।

Career International Services (P.) Ltd.
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com
License No. : 646/063/064

**साउदीमा रोजगार** — कम्पनी : Arab Pearl International Contracting Company, one person — सेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८०/०८/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०६/२० | LT. No. 296783 | चलानी नं. ६०२११९३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 7 | 0 | 2200 | ७८,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६४,६०० | | | | | | | |

कम्पनी : Regalraj Food Catering Services Company

पूर्व स्वीकृति मिति : २०८०/०२/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०६/२० | LT. No. 306032 | चलानी नं. ६०२११९३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Tools Cleaning Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज २८ गते (14th Oct. 2024) मा हुनेछ ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com
श्रम ईजाजत नं. ५७४/०६२/०६३


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । धुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६१००० | प्रति तोला - ० | प्रति तोला - १९८५ |



**सुर्खेत बुलबुल ताल** | सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१० स्थित बुलबुले ताल तथा आसपासको क्षेत्र। सुर्खेत आएका प्रायः सबै पर्यटकहरू यो ताल हेर्न आउने गर्दछन्।

*तस्बिरः हेमन्त केसी/रासस*

# बंगलादेशसँगको सम्झौता स्वागतयोग्य : इप्पान

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल र बंगलादेशबीच भएको विद्युत् बिक्री सम्झौता (पिएसए) को स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले स्वागत गरेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्का, राज्यमन्त्री पूर्णबहादुर तामाङ र बंगलादेशको अन्तरिम सरकारका जलस्रोत मन्त्री सैयदा रिजवाना हसनको उपस्थितीमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, भारतको एनटीपीसी विद्युत् व्यापार निगम (एनभीभीएन)का प्रमुख कार्यकारी अधिकृत रेनु नारङ र बंगलादेश पावर डेभलपमेन्ट बोर्ड (बीपीडीबी) का अध्यक्ष मोहमद रिजाउल करिमबीच भएको यो सम्झौतालाई ऐतिहासिक सम्झौताको रूपमा इप्पानले टिप्पणी गरेको छ।

इप्पानका अध्यक्ष गणेश कार्कीले सम्झौतासँगै अब नेपाल विद्युत् प्राधिकरणले रोकिराखेको विद्युत् खरिद सम्झौता (पिपिए) पूर्ण रूपमा खुल्ला गर्नुपर्ने बताए। निजी क्षेत्रलाई विद्युत् निर्यातका लागि अनुमतिपत्र दिने, बैक तथा वित्तीय संस्थाले ऊर्जामा लगानी बढाउने, सरकारले ऊर्जा उत्पादनका लागि थप सहुलियत घोषणा गर्ने तथा ऊर्जा आयोजना निर्माणका लागि हाल देखिएका नीतिगत, प्रशासनिक तथा प्रक्रियागत समस्याको समाधानका लागि सरकार तत्पर हुनुपर्ने उनको भनाइ छ।

भारत र बंगलादेशमा लक्ष्य अनुसारको निर्यातका लागि तत्काल नीतिगत र प्रक्रियागत सुधारका लागि पनि सरकारसँग इप्पानले आग्रह गरेको छ। सन् १९७१ देखि नेपाल र भारतबीच विद्युत् आदानप्रदान भएकोमा सन् २०१४ मा दुई देशबीच विद्युत् व्यापार सम्झौता (पीटीए) भई अल्पकालीन रूपमा विद्युत् व्यापार हुँदै आएकोमा २०८० साल पुस १९ गते भारतसँग १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यातका लागि दीर्घकालिन सम्झौता भइसकेको छ। 'बंगलादेशसँग भएको यो सम्झौताले नेपालको बिजुलीको बजार बंगलादेशलाई खुलेको मात्र छैन, दुई देशबीच सरकार-सरकारसँगसँगै निजी-निजी क्षेत्रबीचमा ऊर्जा विकास र विस्तारका लागि सहकार्य, साझेदारी र लगानी आदानप्रदानका लागि बाटो खुलेको छ,' अध्यक्ष कार्कीले भने।

बंगलादेश सरकारले सन् २०३९ भित्र नेपालबाट नौ हजार मेगावाट आयात गर्ने लक्ष्य राखेको छ। नेपाल सरकारले सन् २०३५ सम्म १५ हजार मेगावाट निर्यात गर्ने लक्ष्य राखेकामा पाँच हजार मेगावाट बंगलादेश निर्यात गर्ने लक्ष्य राखेको छ। सो लक्ष्य कार्यान्वयनका लागि नेपालको निजी क्षेत्र सधै तयार रहेको पनि उनले जानकारी दिए।

नेपाल बंगलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (जेएससी) को छैटौ बैठकले नेपालको जलविद्युत् क्षेत्रमा लगानीको प्रवर्द्धन गर्नका लागि बंगलादेशको निजी क्षेत्रलाई आकर्षित गर्न व्यावसायिक सम्मेलनको आयोजना गरी सम्भावनाको खोजी गर्ने सहमतिले दुई देशका निजी क्षेत्रबीचमा सहकार्य अगाडि बढाउन सहज भएको इप्पानले जनाएको छ।

दुई देशबीच भएको सहमति कार्यान्वयनका लागि नेपालको निजी क्षेत्र तयार रहेको जानकारी दिँदै यसका लागि दुवै देशका निजी क्षेत्रबीचमा आवश्यक संयन्त्र निर्माण गरी अघि बढ्न ठोस वातावरण निर्माण गर्न इप्पानले माग गरको छ।

# अरुण तेस्रो प्रवेशमार्गका पीडितको रकम आएन

■ प्रभाव संवाददाता

**संखुवासभा–** संखुवासभामा निर्माणाधीन नौ सय मेगावटको अरुण तेस्रो जलविद्युत् आयोजनाको प्रवेशमार्गका पीडितको रु ५३ करोड एक वर्ष पुग्दा पनि धरौटी खातामा जम्मा हुन सकेको छैन। २०८० कात्तिक १६ मन्त्रिपरिषद् बैठकले अरुण तेस्रो प्रवेशमार्गको छुट जग्गाको मुआब्जाबापतको रु ५३ करोड विकासकर्ता कम्पनी सतलज जलविद्युत् निगम (एसएपिडीसी)मार्फत जिल्ला प्रशासन कार्यालयको धरौटी खातामा जम्मा गर्ने निर्णय गरेको थियो।

उक्त रकम जिल्ला प्रशासन कार्यालयले हालसम्म जम्मा गरेको छैन। खाँदबारी नगरपालिका-४ छयाङ्कुटीबाट चिचिला गाउँपालिका-२, दिदिङ सडक खण्डको (२४.५ किलोमिटर) छुट मुआब्जाको माग गर्दै पीडितले पटकपटक आन्दोलन गर्दै आएका छन्। लगानी बार्डले गत कात्तिक २१ गते जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गर्दै विकासकर्ता अरुण तेस्रो निर्माणको जिम्मा पाएको एसएपिडीसीमार्फत धरौटी खातामा राख्न निर्देशन दिएको थियो।

उक्त रकमबापतको रु ५३ करोडको बैंक ग्यारेन्टेड चेक जिल्ला प्रशासन कार्यालयले एक वर्षसम्म धरौटी खातामा जिम्मा नगरेको अरुण तेस्रो प्रवेशमार्ग केन्द्रीय संघर्ष समितिका संयोजक जनीकुमार राईले जानकारी दिए। जिल्ला प्रशासन कार्यालयले बैंक ग्यारेन्टेड चेक एक वर्षसम्म धरौटी खातामा जम्मा नगरी रकम जम्मा भएको भनेर झुक्याउँदै आएको उनले बताए।

अरुण तेस्रो प्रवेशमार्ग पीडितले रकम नपाएको भन्दै सर्वोच्च अदालतको आदेशका कारण आन्दोलन गर्न समेत नपाएको उनले बताए। रु ५३ करोड रकम पछि संघीय सरकारबाट शोधभर्ना हुनेगरी एसएपिडीसीले सरकारलाई दिन सहमत भएको थियो। सरकारले गरेको निर्णय कार्यान्वयन नहुँदा पीडित झन् पीडित भएका संघर्ष समिति संयोजक राईले उल्लेख गरे।

विसं २०८० वैशाख २६ गते छयाङकुटी-दिदिङ सडकको छुट मुआब्जा संखुवासभाका प्रमुख जिल्ला अधिकारी संयोजक रहेको मुआब्जा निर्धारण समितिले प्रतिरोपनी रु ११ लाख ७५ हजार दिने निर्णय गरेको थियो।

हाल आयोजनाको करिब ७५ प्रतिशत काम सकिएको छ। गत जेठ २२ प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुख्य सुरुङको 'ब्रेक थ्रु'समेत गरिसकेका छन्। प्रवेशमार्गका पीडितले अहिलेसम्म मुआब्जाबापतको रकम पाउन नसकेको गुनासो गरेका छन्। मन्त्रिपरिषदको गत कात्तिक १६ गते बसेको बैठकले एक महिनाभित्र अर्थात् मङ्सिर १८ देखि मुआब्जा रकम वितरण सुरु गर्ने निर्णय गरेको भए पनि एक वर्षसम्ममा छुट मुआब्जाबापतको रकम वितरण सुरु हुन नसकेको संघर्ष समिति संयोजक राईले बताए।

# अर्थले सुरु गर्‍यो स्रोत व्यवस्थापन गृहकार्य

**काठमाडौं (प्रस)–** अर्थ मन्त्रालयले बाढीपहिरोका कारण अर्थतन्त्रमा परेको प्रभाव र स्रोतको व्यवस्थापनबारे गृहकार्य सुरु गरेको छ। अर्थ मन्त्रालय उच्च व्यवस्थापन समूहको बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले यही असोजको दोस्रो साता आएको बाढीपहिरोले गर्दा धेरै ठूलो जनधनको क्षति भएको र उद्धार, राहत र पुनःनिर्माणमा थप स्रोत लाग्ने भएकाले त्यसको गृहकार्य गर्न निर्देशन दिएका हुन्।

अर्थमन्त्री पौडेलले अर्थतन्त्र सुधारतर्फ गइरहेका बेला बाढीपहिरोले गर्दा मानवीय क्षतिका साथसाथै निजी आवास, सडक, जलविद्युत्, शैक्षिक संस्था, कृषि, व्यवसायलगायतका क्षेत्रमा भएको क्षतिले अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्न सक्ने भएपनि राहत र पुनःनिर्माणलाई व्यवस्थित रूपमा अघि बढाएर आर्थिक वृद्धिको आधार तयार पार्ने गरी काम गर्न आवश्यक भएको बताए। बाढीपहिरो जानु भन्दाअघि अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व बैंक, एसियाली विकास बैंकलगायतले नेपालको अर्थतन्त्र सुधारोन्मुख भएको बताएका थिए।

# नेप्से परिसूचकमा ५६ अंकको वृद्धि

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ५६ दशमलव शुन्य नौ अंकले उकालो लागेर दुई हजार छ सय ५३ दशमलव ५८ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक नौ दशमलव ७५ अंकले उकालो लागेर चार सय ७६ दशमलव ४६ मा पुगेको छ। कारोबार भएका १३ उपसमूहको शेयर मूल्य नै बढेको छ।

कारोबारमा कूल एक करोड ५० लाख ४६ हजार सात सय १० कित्ता शेयर रु छ अर्ब १३ करोड ८२ लाख छ हजार सात सय पाँच मूल्यमा कारोबार भएको छ।

नेप्सेका अनुसार, न्यादी हाइड्रोपावर १०, मध्य भोटेकोशी जलविद्युत् कम्पनी नौ दशमलव ७६, इस्टर्न हाइड्रोपावर नौ दशमलव ६८, गुडबिल फाइनान्स नौ दशमलव २७ र सिनर्जी पावर डेभलपमेन्ट कम्पनीका लगानीकर्ताले आठ दशमलव १४ प्रशितले कमाएका छन्।

यस्तै, विन नेपाल लघुवित्त १०, कुमारी सुलभ योजना नौ दशमलव ४३, एनआइसी एशिया सेलेक्ट फण्ड छ दशमलव ७०, स्वरोजगार लघुवित्त पाँच दशमलव ४९ र उपकार लघुवित्तका लगानीकर्ताले चार दशमलव ४१ प्रतिशले गुमाएका छन्।

# गैडाकोटमा कुमारी बैंकको उद्यमी प्रशिक्षण

**काठमाडौं (प्रस)–** युसएडसँगको साझेदारीमा 'देशैभरि बर्षैभरि' उद्यमशिलता विकास एवं प्रवर्द्धनका लागि उद्यमी प्रशिक्षण अभियान सञ्चालन गरिरहेको कुमारी बैंकले गैडाकोटमा उद्यमीहरूको ब्यावसायिकता विकासका लागि प्रशिक्षण कार्यक्रम संपन्न गरेको छ।




वित्तिय ज्ञान, सिप, मनोबृद्धि तथा ब्यवहार विकासबाट मात्रै ब्यवहारि करूपमा उद्यमशिलता प्रवर्द्धन तथा विकास हुने विश्वास लिएको कुमारी बैंकले यस अभियानमा सर्बसाधारणहरूको विषयगत संबेदनशिलतालाई सहजै बुझ्न सकिने गरि वित्तिय उद्यमी प्रशिक्षण, वित्तिय साक्षरता पुस्तिका, कुमारीजी एप, राष्ट्रियस्तरमा ख्यातिप्राप्त कलाकारहरूको अभिनय सहितका सन्देशमुलक भिडियोहरू, सचेतनामुलक सन्देसहरू विकास गरि नियमितरूपमा प्रकाशन तथा प्रशारण समेत गरिरहेको छ। उद्यमी प्रशिक्षणबाट हरेक स्थानिय निकायमा रहेका उद्यमी सोचहरूको प्रर्वद्धन तथा विकासमा टेवा पुर्‍याउदै आर्थिकरूपमा समृद्ध परिवार, समाज तथा राष्ट्र निर्माणमा टेवा पुग्ने विश्वास बैंकले लिएको छ।

विगत २३ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले अनवरतरूपमा वित्तिय साक्षरता प्रवर्द्धन गर्दै आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१९ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५७ शाखा रहित बैंकिङ्ग ईकाईहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने समेत प्रतिबद्धता जनाएको छ।

# व्यापारीको गुनासोः सोच जस्तो छैन व्यापार

**काठमाडौं–** 'रोजी रोजी र छानी छानी, आउनुहोस् आधा छुटमा सामान लैजानुहोस्' न्युरोडका फेन्सी व्यापारी आरब रेग्मीले ग्राहकलाई यसैगरी लोभ्याइरहेका छन्। तर ग्राहकको संख्या भने पातलो छ।

दसैं र तिहार जस्ता चाडपर्वमा राम्रो व्यापार गर्ने व्यापारीको लक्ष्य हुन्छ। तर यसपटक भने राम्रो व्यापार नभएको उनको अनुभव छ। उनी भन्छन्, 'दुई/चार रूपैयाँ कमै नाफा खाएर सामान कटाउने योजना हो तर यसपाली व्यापार कम छ।' पर्वको मुखैमा प्राकृतिक विपत्को असर बजारमा देखिएको उनको भनाइ छ। यद्यपि फुलपाती सुरु भएपछि व्यापार बढ्छ की भन्ने उनको झिनो आशा छ।

दसैंमा किनमेलका लागि न्युरोडमा भेटिएकी नुवाकोटकी सुनिता छिनाललाई आफ्नो भन्दा छोराछोरीको खुसी महत्वपूर्ण लाग्छ। चिसो मौसम सुरु भएकाले दसैंमा छुटको मौका छोपेर बालबच्चाका लागि लुगाफाटा किन्ने गर्छिन्। 'आफ्नो भन्दा छोराछोरीलाई दसैंमा खुसी पार्न पाए हुन्थ्यो भन्ने लाग्छ,' उनले भने। ठमेलमा किनमेल गर्न पुगेका गोपाल बुढाथोकीले यस पाली मुल घर सर्लाही नजाने बताए। बाढीपहिरोका कारण बाटो राम्रो नभएकाले आफू घर नजाने उनले बताए। 'काठमाडौंमा जे जति परिवारका सदस्य छन्, सबै मिलेर यतै दसैं मनाउने सोचमा छौं,' उनले भने, 'किनमेल पनि भर्खरै सुरु हुँदैछ।' उनले जाडोको लुगा भने दशैंको पर्व छोपेर खरिद गर्ने गरेको बताए। पर्वमा भारी छुट पाउने हुँदा उनलाई आवश्यक सामग्री किन मनपर्ने सुनाए।



काभ्रेपलाञ्चोककी रोशनी तामाङले यो दसैंमा किनमेलमा खासै जोड नदिएको बताइन्। ठमेल कालापत्थरमा जाडोमा लगाउने ज्याकेट खरिद गर्न आएकी उनले सामान्य खर्चमा दसैं टार्ने योजना रहेको सुनाइन्। गाउँ बाढीका कारण तहसनहस भएपछि उनलाई यसपालीको दसैं मनाउने जाँगर चलेको छैन। दसैं पनि काठमाडौंमै मनाउने योजना रहेको सुनाइन्। 'आफन्ती सबै दुःखमा छन्, दसैं मनाउनु कसरी ?,' उनले भनिन्।

भृकुटीमण्डका व्यापारी जीवन राईले विगतको तुलनामा व्यापार आधा घटेको बताए। कोभिडको बेलामा जुन खाले आर्थिक मर्का परेको थियो त्यस्तै, असर बजारमा फेरि देखा परेको उनको अनुभव छ। 'मान्छेहरूको चहलपहल त छ, तर व्यापार सोचे जस्तो छैन,' उनले भने। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ